
# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ४७ पूर्णाङ्क ९६ | २०७५ जेठ १४ गते सोमबार | Monday, May 28, 2018 | पृष्ठ ८ | मूल्य रु. १०|-


## नेता परि थापालाई पितृशोक, पार्टी र देजमोद्वारा समवेदना व्यक्त



काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य परि थापालाई पितृशोक परेको छ । नेता थापाका बुबा जयबहादुर थापाको बिहीबार १० गते पोखरामा औषधोपचारको क्रममा निधन हुन पुगेको छ । वाग्लुङ्ग जैमिनी नगरपालिका वार्ड नं ३ निवासी उहाँको ९२ वर्षको उमेरमा निधन भएको हो । उहाँका नेता थापासहित चार छोरा, बुहारी, तीन छोरी ज्वाइँ, नाती नातिनी, पनाती पनातिनीहरू छन् ।

यसैबीच, नेकपा (क्रान्तिकारी ...बाँकी ७ पेजमा

# ‘देशलाई सिक्किम बनाउने दिशामा ओली’



● वर्गदृष्टि संवाददाता

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले प्रधानमन्त्री केपी शर्माओली देशलाई सिक्किमीकरण गर्दै लाने भूमिकामा उद्दत हुँदै गएको ठोकुवा गर्नु भएको छ । जनगणतान्त्रिक मोर्चा नेपाल काठमाडौं जिल्ला समितिद्वारा शनिवार आयोजित एक विशेष प्रशिक्षण कार्यक्रमलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्ने क्रममा उहाँले उक्त कुराको खुलासा गर्नुभएको हो ।

सम्बोधनको सुरुमा गजुरेलले भन्नुभयो- ‘योभन्दा अघिल्लो पटक सरकारमा रहेका बखत मोदी सरकारले गरेको नाकाबन्दीको बेला उनी झुक्न नचाहेको देखाए, बरु उनले चीनसँग व्यापार तथा पारबाहन सन्धी गरेर उत्तरी नाका खुला गरे । भारतसँग महाकाली नदी दिएर पनि नजिक हुँदै आएका ओली यसपछि देखावटी रूपमा राष्ट्रवादी बन्न पुगे । नेपाललाई समृद्ध पनि बनाइदिने नाराका साथ उनी चुनावमा गएर कथित वाम गठबन्धनको बहुमत पनि जुटाउन सफल भए ।’

हाल ओलीको यथार्थ अनुहार बाहिर आएको अवस्थालाई इंगित गर्दै अध्यक्ष गजुरेलले विस्तार गर्नुभयो- ‘तर प्रधानमन्त्रीको ताज पहिरेपछि पनि ठूलै राष्ट्रवादी भनेर प्रचार भइरहेको बेला भारतीय प्रधानमन्त्री मोदीको भ्रमणले उनको राष्ट्रवादी नकाव च्यातेर वेनकाब पारिदियो । त्यसो त उनले भारतको पहिलो भ्रमण गरे पनि । नेपाली जनतालाई ढाट्न खप्पिस ओलीले भारतसँग नयाँ सन्धिसम्झौता गरिदैन, बरु गरेका सन्धीसंझौताको कार्यान्वयन गर्न जोड दिइने छ भने । यहँनेर जनताले के बुझेनन् वा बुझ्न सकेनन् भने हालसम्म भए गरिएका सबै असमान र राष्ट्रघाती सन्धिसम्झौताहरू नेपाललाई सिक्किमीकरण गर्न पर्याप्त छन् । ओलीले ठीक त्यही गरे । त्यस्ता सन्धिसंझौताहरू विनापुनरावलोकन सबै अनुमोदन गरेर कार्यान्वयनको प्रक्रियामा हालिदिए ।’

नेपाल भ्रमणको क्रममा मोदीको कुटनीतिक मर्यादा विपरीत चलखेलको खुलासा गर्दै उहाँले भन्नुभयो- ‘मोदी सिधै काठमाडौं नआई कुटनीतिक मर्यादाविपरीत जनकपुरमा ओर्लिए, तर आफ्नै देशका प्रधानमन्त्री ओली मोदीकै भेषभूषामा उनलाई स्वागत गर्न त्यहाँ टुप्लुक्क गइपुगे । ८६ जना स्पेशल कमाण्डो फोर्ससँगै ओलीको स्वीकृतिमा जनकपुरमा ओर्लिएका मोदीले उनलाई ‘भाइसाप’ भनी रमाइलो संबोधन गर्न पनि भ्याए । नागरिक अभिनन्दन कार्यक्रमको अवधिभर त्यहाँ ‘हमारा देश मधेश मे आपका स्वागत है’ भन्ने बोर्ड ...बाँकी ७ पेजमा

## क्रान्तिकारी माओवादीको सिन्धुली जिल्ला सम्मेलन सम्पन्न

सिन्धुली । नेकपा (क्रान्तिकारी माओवादी) को जारी संगठन विस्तार तथा सुदृढीकरण अभियानको क्रममा सिन्धुलीमा पार्टी जिल्ला अधिवेशन सम्पन्न भएको छ । पार्टीका स्थायी समिति सदस्य गौरवको प्रमुख आतिथ्यता र स्थायी समिति सदस्य राजवीरको विशेष आतिथ्यतामा सम्पन्न अधिवेशनले नवीनको नेतृत्वमा २१ पूर्ण र ८ वैकल्पिक सदस्यसहित २९ जनाको जिल्ला कमिटि निवाचित गरेको छ ।

सिन्धुली ढुङ्गेबास स्थित शिद्धवावा पार्टी प्यालेसमा नेता गौरवले उद्धाटन गर्नुभएको अधिवेशनलाई नेता गौरव, राजवीर, प्रभाकिरण, पूर्णकुमारी सुवेदी, उमेश ...बाँकी ७ पेजमा

## नेवा: राष्ट्रिय मुक्ति मोर्चाको बीसौं स्थापना दिवस भव्य रूपमा सम्पन्न

काठमाडौं । नेवा राष्ट्रिय मुक्ति मोर्चाको बीसौं स्थापना दिवस राजधानी सहर काठमाडौंको महाबौद्धस्थित मासंगल्लीमा रहेको प्रदीप्त पुस्तकालयको हलमा बुधवार भव्य रूपमा सम्पन्न भएको छ । आज भन्दा बीस वर्ष पहिले यही हलमा एक भव्यभेलाको आयोजना गरी मोर्चाको स्थापना गरिएको थियो ।

बीसौं स्थापना दिवस कार्यक्रमको प्रमुख अतिथि तथा नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव कमरेड मोहन वैद्य किरणद्वारा मैनबत्ति बालेर उद्घाटन गरिएको थियो । उद्घाटनका अवसरमा प्रमुख अतिथि वैद्यले ‘नेपालको ...बाँकी ७ पेजमा

## ‘मोर्चामा गैरपार्टीका सदस्यहरू पनि रहन्छन्’

काठमाडौं । क्रान्तिकारी माओवादीका नेता रासिंह श्रीसले मोर्चामा पार्टी बाहिरका देशभक्त तथा जनक्षीय सोच भएका मानिसहरू अट्न सक्छन् भनी प्रष्ट पार्नु भएको छ । ललितपुरको कुपण्डोलमा सम्पन्न देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल काठमाडौं जिल्ला समितिको विशेष प्रशिक्षण कार्यक्रममा नेता श्रीसले उक्त कुरा बतानुभएको हो ।

पार्टी र मोर्चा बीचको अन्तर र अन्तरसम्बन्धका बारेमा स्थानीय जनता र कार्यकर्ताहरूमा केही भ्रम रहेको भन्ने कुरा उठेपछि उहाँले सो कुरामाथि प्रकाश पार्नु भएको हो । उहाँका अनुसार ‘पार्टी वर्गीयतामा आधारित र वर्ग सङ्घर्षको बाहक हुन्छ । वर्तमान राज्यसत्ताको दलाल तथा नोकरशाही चरित्रको भएकाले यहाँ वैदेशिक हस्तक्षेप बढ्दै गएको भन्दै बन्धकमा रहेको देशको स्वाभिमानका साथै राष्ट्रिय पुँजीपतिमाथि भएको निरन्तर हमला, जनतामाथि शोषण, प्राकृतिक सम्पदामाथि असिमित दोहन, अन्याय र अत्याचारको अन्त्य लागि नयाँ जनवादी क्रान्तिमार्फत् जनगणतन्त्र स्थापना गर्ने कार्य नै पार्टीको हालको कार्यभार हुने कुरामा जोड दिनु भएको थियो ।

मोर्चा र यसको चरित्रवारे प्रष्ट पार्दै श्रीसले ‘सच्चा देशभक्त तथा जनगणतन्त्रका पक्षधरहरूको मोर्चाले क्रान्तिकारी पार्टीको न्यूनतम र तात्कालिक कार्यक्रम मात्र आफ्नो लक्ष्य, उद्देश्य र कार्यक्रम बनाउने भएकाले’ मोर्चाले निकै लचकताका साथ नयाँ जनवादी ...बाँकी ७ पेजमा

## देजमो काठमाडौंको विशेष प्रशिक्षण सम्पन्न

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल काठमाडौं जिल्ला समितिको विशेष प्रशिक्षण कार्यक्रम शनिवार ललितपुरको कुपण्डोलमा भव्यरूपमा सम्पन्न भएको छ । सातवटै प्रदेशहरूमा प्रदेशस्तरीय कार्यक्रम सकिए लगत्तै जिल्ला तथा एरियाहरूमा पनि प्रशिक्षण कार्यक्रम गरिन थालिएको समयमा काठमाडौं जिल्लाको यो प्रशिक्षण कार्यक्रम भएको हो ।

प्रशिक्षण कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि सीपी गजुरेलले प्रधानमन्त्री केपी शर्माओलीले देशलाई सिक्किमीकरणको बाटोमा अघि बढाइरहेको बताउनु भएको थियो । उहाँले ओलीको भूमिका मन्द विषको रूपमा अघि आएकाले जनताले तत्काल यसको घातक असरको घनत्व अनुभूत नगरेका तर कालान्तरमा यसले देश र जनता सबै सिध्याउने कुरा सत्य भएको कुरामा जोड दिनुभयो ।

कार्यक्रमका अतिथि क्रान्तिकारी माओवादीका नेता रामसिंह श्रीसले प्रशिक्षण मन्तव्य दिने क्रममा मोर्चामा पार्टी बाहिरका देशभक्त तथा जनक्षीय सोच भएका मानिसहरू अट्न सक्छन् कुराबारे प्रष्ट्याउनु भयो ।

पार्टी र मोर्चा बीचको अन्तर र अन्तरसम्बन्धका बारेमा भ्रमित नहुन र त्यसबारे प्रस्टतासहित अघि बढ्न निर्देशन दिनु भयो । उहाँले वर्तमान राज्यसत्ताको दलाल तथा नोकरशाही ...बाँकी ८ पेजमा

## यसरी मनाइयो १६औं इच्छुक स्मृति दिवस




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल जनसाँस्कृतिक महासंघ, क्रान्तिकारी पत्रकार महासंघ र ...बाँकी ७ पेजमा

## १६औं इच्छुक स्मृति दिवस मनाइयो



काठमाडौं । इच्छुक स्मृति तथा सांस्कृतिक बलिदान दिवस इच्छुक सांस्कृतिक प्रतिस्ठानको सभाहलमा आइतवार भव्य रूपमा सम्पन्न भएको छ । साहित्यकार, पत्रकार तथा उच्च राजनीतिक चेतको सिर्जनशील तथा कलात्मक समिश्रण इच्छुकको आजभन्दा १६ वर्ष अघि महेन्द्र पुलिस क्लबमा हत्या गरिएको थियो ।

उक्त अमानवीय तथा आततायी हत्याको आज पनि घोर विरोध गरियो र इच्छुकका अजरअमर कालजेयी कृति तथा योगदानको स्मरण गरियो । साधा जीवन, शिष्ट व्यवहार, निर्भिक र निडर स्वभाव, बलिदानी भावको ओतप्रोतताका साथै आस्था र निस्ठाका धरोहरका रूपमा इच्छुकलाई फेरि अन्तर मनदेखि सम्झना गरियो ।

कार्यक्रमका मुख्य अतिथि तथा प्रतिस्ठानका संरक्षक तथा सौन्दर्य चिन्तक मोहन वैद्य ‘चैतन्य’ले शहीदका सपनाहरू अझैं पनि पूरा नभइसकेका र जनताका चाहना, आवश्यकता र समस्या पनि हल भइनसकेकाले ती सपना अझैं ज्युँदै रहेका बताउनु भएको छ । ती सपना कसैले भूलेर पनि भूल्न सकिदैन ...बाँकी ८ पेजमा

# हाम्रा सपना ज्यूँदैछ

जनयुद्धमा बगेको रगतको मूल्य उत्पीडित जनताका भावना, विचार, सपना कुनै पनि पूरा भएका छैनन् । यस्तो अवस्थामा सो कार्यभार पूरा गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ र विकल्पका रूपमा हामी मात्र बाँकी रहेका छौं । यसै गम्भीरतालाई मनन गर्दै हामीहरूले उच्च वैचारिक चेतनाद्वारा फेरि अर्को महाक्रान्तिको तयारी गर्नुपर्छ ।

**जनयुद्धबाट आएको क्रान्तिकारी धार अन्तरसंघर्षका क्रममा वाम, दक्षिण र क्रान्तिकारी गरी तीन भिन्न धारहरूमा विभाजित भइसकेपछि बिसर्जनवादी धारहरूले अब क्रान्ति सम्भव छैन र सपना पनि बाँकी छैनन् भन्दै आए तर हामीहरूले सहिदका सपना बाँकी छन् भन्दै आएको छौं । त्यसैले हाम्रो काम अर्को क्रान्तिको तयारी गर्नु रहेको छ । हाम्रा सबै कार्यक्रमहरू अहिले यसै दिशातर्फ उद्दत छन् । यसका लागि हामीहरूले देशव्यापी संगठनको विस्तार गर्नुपर्छ**



● मोहन वैद्य ‘किरण’ ●

जनयुद्धबाट आएको क्रान्तिकारी धार अन्तरसंघर्षका क्रममा वाम, दक्षिण र क्रान्तिकारी गरी तीन भिन्न धारहरूमा विभाजित भइसकेपछि बिसर्जनवादी धारहरूले अब क्रान्ति सम्भव छैन र सपना पनि बाँकी छैनन् भन्दै आए । तर, हामीहरूले सहिदका सपना बाँकी छन् भन्दै आएको छौं । त्यसैले हाम्रो काम अर्को क्रान्तिको तयारी गर्नु रहेको छ । हाम्रा सबै कार्यक्रमहरू अहिले यसै दिशातर्फ उद्दत छन् । यसका लागि हामीहरूले देशव्यापी संगठनको विस्तार गर्नुपर्छ । विगतका कटु अनुभवबाट पाठ सिक्दै नयाँ ढंगले अगाडि बढेका छौं । पुरानै सत्ता र सरकारमा गएर देश र जनताका महामारी रोगव्याधीको निराकरण गर्छौं भन्ने हामीमा विश्वास छैन । यदि हामीहरू सरकार र सदनमा जाने भए वाम गठबन्धन बन्ने बेलै जाने थियौं । तर हामीहरू गएनौं । हामीहरूले जनताका बीचमा गएर यी सबै कुरा बुझाउँछौं र जनतालाई आमूल परिवर्तनको दिशामा साथै लिएर जान्छौं भन्ने कुरामा विश्वास गऱ्यौं ।

हामीहरूले सहिदहरूले देखाएको बाटो, सहिदहरूको आदर्श र नयाँ नेपाल निर्माण गर्ने सपना र समाज रूपान्तरणको प्रक्रियामा साँस्कृतिक योद्धहरूको बलिदान भुलेका छैनौं । राजनीतिक आन्दोलन साँस्कृतिक आन्दोलनबाट अलग हुन सक्दैन । आन्दोलनको क्रममा कसै-कसैले सहिदको सपना भुलेका होलान् तर हाम्रा सपनाहरू ज्यूँदै छन् । हाम्रो यात्रामा पूर्णविराम लागेको छैन । क्रान्ति निरन्तर जारी छ । त्यो महान् क्रान्तिको प्रक्रियामा हामी साँस्कृतिक मोर्चाबाट दृढतापूर्वक लागिपरिराखेका छौं ।

आज यहाँ उपस्थित हुनुभएका साँस्कृतिक मोर्चाका साथीहरू विगतदेखि नै साँस्कृतिक मोर्चामा निरन्तर खटिराख्नुभएको छ । कृष्ण सेनलगायतका सहिदहरूले देखाएको बाटोमा हिंडिराख्नुभएको छ । हामी पनि सहयोद्धाको हैसियतले इच्छुकले देखाएको बाटोमा निरन्तर अघि बढिरहेका छौं । निरन्तर चलिरहने आन्दोलनको एउटा खण्ड समाप्त भएको छ । तर, योसँगै क्रान्ति निरन्तरतामा अघि बढिरहेको छ । आन्दोलनको नयाँ अध्याय ...बाँकी ८ पेजमा

## सम्पादकीय

# इच्छुक स्मृति

यसपटक कवि, साहित्यकार तथा पत्रकार सहिद कृष्णसेन इच्छुकको १६ औं स्मृति दिवस मनाइयो । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल जनसाँस्कृतिक महासंघ, क्रान्तिकारी पत्रकार महासंघ र नेकपा (विप्लव) निकट क्रान्तिकारी पत्रकार संगठन, नेपालले संयुक्त रूपमा आइतबार विहान शान्तिबाटिकादेखि भृकुटीमण्डपसम्म प्रभातफेरी कार्यक्रमको आयोजना गरे । इच्छुकको हत्या भएदेखि इच्छुकका हत्याराहरूमाथि कारबाहीको माग गर्दै र इच्छुकले देखाएको आदर्श पछ्याउँदै हिड्ने संकल्पगत प्रतिबद्धता व्यक्त गर्दै प्रत्येक बर्ष जेठ १३ गते शान्तिबाटिकादेखि भृकुटीमण्डपसम्म गरिने प्रभातफेरी र कोणसभाको इतिहासलाई यसपटक उल्लेखित तीन संगठनले निरन्तरता दिए भने माओवादी आन्दोलनमा इच्छुकका सहयात्री र नेताको रूपमा रहेका अन्य पत्रकारका नेता तथा जनसाँस्कृतिक कर्मी र राजनीतिक नेतृत्वहरू भने शान्तिबाटिका र भृकुटीमण्डपमा देखिएनन् । ती नेताहरू एमालेमा विलय भएसँगै जनयुद्ध, बलिदान र इच्छुकहरूजस्ता योद्धाहरूसँग सम्बन्ध विच्छेद् गर्न पुगेका छन् र उनीहरूले इच्छुकहरूलाई सम्झने नैतिक धरातल नै छाडिसकेका छन् र इच्छुकहरूकै वर्गदुश्मनसँग घाँटी जोड्न पुगेका छन् । यसरी इच्छुकको आदर्श र बलिदानमाथि अमान गर्न पुगेका छन् ।

सहिद कृष्णसेन इच्छुक नेपालको सामाजिक, सांस्कृतिक तथा राजनैतिक परिवर्तनका लागि जीवन उत्सर्ग गर्ने महान् योद्धाको नाम हो । नेपालको कम्युनिस्ट आन्दोलनमा उहाँले सांस्कृतिकरूपमा पुऱ्याएको विशिष्ट योगदान र प्रतिबद्धता स्मरणयोग्य मात्रै छैन अनुकरणीय पनि छ । समाज रूपान्तरणका लागि उहाँले साहित्यमार्फत् उच्चप्रकारको योगदान दिनुभएको छ । उहाँ श्रमजीवी जनताका पक्षधरतालाई अगाँल्दै महान् उद्देश्य र आस्थाका लागि आफूलाई समर्पित र बलिदान गर्ने क्रान्तियोद्धा हुनुहुन्छ ।

कलममार्फत् राजनीतिक आस्था र परिवर्तनप्रतिको विचार प्रस्तुत गरेकै कारण सेन ०३९ देखि ०४४ सालसम्म ६ वर्ष दाङ कारावासमा बस्न बाध्य हुनुभयो । उहाँ जनयुद्ध सुरुभएपछि ०५६ सालमा काठमाडौंको भद्रगोल बन्दी गृहमा १ वर्ष र सिराहा तथा राजविराजमा २ वर्ष गरी लगभग नौ वर्षसम्म जेलजीवन बिताउनु भयो । सङ्कटकालका बेला ०५९ साल जेठ ६ गते काठमाडौंबाट समातिएका सेनको ७ दिनपछि अर्थात् ०५९ साल जेठ १३ गते महेन्द्र पुलिस क्लबमा चरम यातनाका कारण सहादत भयो । जनताका पक्षमा खरो रूपमा कलम चलाउने प्रगतिवादी कवि तथा जनपक्षीय पत्रकारको यसरी हत्या गरियो । भौतिक जीवनको हत्या गरेर विचारको पनि हत्या गर्न सकिन्छ भन्ने मान्यता बोकेका शासकहरूले इच्छुकको हत्या गरे पनि उहाँको प्रभावशाली विचारको हत्या गर्न सकेनन् । हत्या

०३२ सालदेखि कविता प्रकाशन गर्न थाल्नुभएका कृष्ण सेन साहित्य सन्ध्या पुरस्कार (२०५७), पारिजात सिर्जनशील साहित्य पुरस्कार (२०५९), कृष्णमणि साहित्य पुरस्कार (२०५९) र प्रेस सेनानी पुरस्कार (२०६५) बाट सम्मानित हुनुभएको छ ।

मातृभूमि (साप्ताहिक)मा प्रकाशित 'भोलिप्रति' उहाँको पहिलो कविता हो । 'शोकाञ्जली' (२०४८), 'इतिहासको यस घडीमा' (२०५६) र 'बन्दी र चन्द्रागिरि' (२०५७) उहाँको प्रकाशित कृति हुन् । त्यस्तै उहाँका छरिएर रहेका फुटकर कविता र गद्य रचनाहरू इच्छुक रचनावली (भाग १, २, ३) मा सङ्कलित छन् । भाग १ मा 'बन्दी र चन्द्रागिरि' र 'शोकाञ्जली' छन् भने भाग २ मा ' इतिहासको यस घडीमा', 'बन्दी आवाज' र 'आरम्भिक कविता' अन्तर्गत फुटकर कविता सङ्कलित छन् । भाग ३ मा इच्छुकका गद्य रचनाहरू, चिठीपत्र, अन्तर्वार्ता लगायतका कृति सङ्कलित छन् ।

नेपाली जनयुद्धले जन्माएको एउटा साहित्यिक योद्धा, जसलाई जनयुद्धमा गुमाउनु पऱ्यो, उहाँको इतिहासको यो घडीमा स्मृति दिवस मनाउनुको अर्थ भनेको उहाँले अँगालेको कम्युनिष्ट जीवनपद्धति, मुक्तिकामी विचार र आस्था र निष्ठाका धरोहरको रूपमा स्थापित व्यक्तित्वको पदचाप पछ्याउँदै जनयुद्धका बाँकी कार्यभार अर्थात् नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्ने दिशामा अगाडि बढ्नु हो । यो नै इच्छुकप्रति गरिने सच्चा श्रद्धाञ्जली र सच्चा स्मृति हुनेछ ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com


# चिनियाँ कम्युनिष्ट पार्टी र चीनको क्रान्तिकारी युद्ध

१९२४ मा सुरु भएको चीनको क्रान्तिकारी युद्ध दुई चरणबाट गुज्रिसकेको छ- १९२४ देखि १९२७ सम्मको पहिलो चरण र १९२७ देखि १९३६ सम्मको दोस्रो चरण । जापान-विरोधी राष्ट्रिय क्रान्तिकारी युद्धको नेतृत्व चिनियाँ सर्वहारावर्ग र त्यसको पार्टी, चिनियाँ कम्युनिष्ट पार्टीको हातमा रहेको छ र रहनेछ । चीनको क्रान्तिकारी युद्धका मुख्य शत्रुहरू साम्राज्यवाद र सामन्ती शक्तिहरू हुन् । चिनियाँ पुँजीपतिवर्गले कुनै ऐतिहासिक अवसरहरूमा क्रान्तिकारी युद्धमा भाग लिन सक्छ, तर पनि आफ्नो स्वार्थीपना र राजनैतिक तथा आर्थिक स्वतन्त्रताको अभावले गर्दा यो वर्ग चीनको क्रान्तिकारी युद्धलाई पूर्ण विजयको बाटोतर्फ लैजान चाहँदैन र लैजान सक्दैन पनि । चीनका आम किसान जनता र आम शहरी निम्न-पुँजीपतिहरू क्रान्तिकारी युद्धमा सक्रिय भाग लिन र त्यसलाई पूर्ण विजयसम्म बढाउन चाहन्छन् । तिनीहरू क्रान्तिकारी युद्धमा मुख्य शक्ति हुन्, तर सानो-मात्राका उत्पादक भएकोले, उनीहरूको राजनैतिक दृष्टिकोण समेत रहेको छ (र रोजगारी नभएका जन-समुदायको एउटा हिस्साका अराजकतावादी विचारहरू छन्), जसले गर्दा उनीहरू युद्धमा सही नेतृत्व प्रदान गर्न असमर्थ छन् । तसर्थ, यस युगमा, जब सर्वहारावर्ग राजनैतिक रंगमञ्चमा देखा परिसकेको छ, चीनको क्रान्तिकारी युद्धमा नेतृत्व गर्ने जिम्मेवारी अनिवार्यरूपले चिनियाँ कम्युनिष्ट पार्टीको काँधमाथि परेको छ । यस्तो युगमा, सर्वहारावर्ग र कम्युनिष्ट पार्टीको नेतृत्व नभएमा, वा सो नेतृत्वको विपरीत भएका कुनै पनि क्रान्तिकारी युद्ध निश्चितरूपले पराजित हुनेछ । अर्ध-औपनिवेशिक चीनमा भएका सबै सामाजिक तह र राजनैतिक समूहहरूमा, सर्वहारावर्ग र कम्युनिष्ट पार्टी नै संकीर्णता र स्वार्थपरताबाट अत्यधिक रूपमा मुक्त छन्; ती राजनैतिक दृष्टिले सबभन्दा दूरदर्शी छन् । ती सबभन्दा संगठित छन् र ती संसारका अग्रणी वर्ग, सर्वहारावर्ग र त्यसको राजनैतिक पार्टीको अनुभवबाट खुल्ला दिलले सिक्न र आफ्नो लक्ष्यमा सो अनुभवको प्रयोग गर्न सबभन्दा तत्पर छन् । त्यसैले, सर्वहारावर्ग र कम्युनिष्ट पार्टीले मात्र किसानवर्ग र शहरी निम्नपुँजीपतिवर्गको ढुलमुलपना र पूर्णताको अभावलाई पनि हटाउन सक्छन् र क्रान्ति तथा युद्धलाई विजयको बाटोमा अघिबढाउन सक्छन् ।

आधारभूत रूपमा भन्ने हो भने, १९२४-२७ को क्रान्तिकारी युद्ध यस्तो परिस्थितिमा चलाइएको थियो, जब अन्तर्राष्ट्रिय सर्वहारावर्ग र चिनियाँ सर्वहारावर्ग तथा त्यसको पार्टीले चिनियाँ राष्ट्रिय पुँजीपतिवर्ग र त्यसका पार्टीहरूमाथि राजनैतिक प्रभाव पारेका थिए र तिनीहरूसित राजनैतिक सहयोग कायम गरेका थिए । तर नाजुक घडीमा आएर यो क्रान्तिकारी युद्ध असफल भयो । यसको प्राथमिक कारण के भने ठूलो पुँजीपतिवर्गले विश्वासघात गऱ्यो, र साथै त्यसको कारण के पनि थियो भने क्रान्तिकारी पंक्तिहरूमा रहेका अवसरवादीहरूले स्वेच्छाले क्रान्तिको नेतृत्वलाई छाडिदिए ।



माओत्सेतुङ

१९२७ देखि अहिलेसम्मको भूमिसम्बन्धी क्रान्तिकारी युद्ध नयाँ परिस्थितिअन्तर्गत चलाइएको छ । यस युद्धमा शत्रु साम्राज्यवाद मात्र होइन, बरु ठूलो पुँजीपतिवर्गको पुच्छर बनेको छ । कम्युनिष्ट पार्टी एक्लैले यस क्रान्तिकारी युद्धको नेतृत्व गरेको छ र त्यसले यसमा एकछत्र नेतृत्व कायम गरेको छ । क्रान्तिकारी युद्धलाई दृढतापूर्वक आखिरीसम्म बढाउनका लागि यो एकछत्र नेतृत्व सबभन्दा महत्वपूर्ण शर्त हो । यो नेतृत्व नभएमा, क्रान्तिकारी युद्धलाई यस्तो दृढताका साथ अघिबढाउन सकिने कुराको कल्पना पनि गर्न सकिँदैन ।

चिनियाँ कम्युनिष्ट पार्टीले साहस तथा दृढताका साथ चीनको क्रान्तिकारी युद्धको नेतृत्व गरेको छ र पन्ध्र वर्षको लामो समयसम्म (३) सम्पूर्ण राष्ट्रलाई कुन कुरा देखाएको छ भने यो पार्टी जनताको मित्र हो र जनताका हितहरूको रक्षाका लागि र जनताको स्वतन्त्रता तथा मुक्तिका लागि सधैंभरी क्रान्तिकारी युद्धको अघिल्लो मोर्चामा डटेर लड्छ ।

आफ्ना कष्टसाध्य संघर्षहरूद्वारा र आफ्ना लाखौं वीर सदस्यहरू तथा दसौं हजार वीर कार्यकर्ताहरूको बलिदानद्वारा चीनको कम्युनिष्ट पार्टीले सम्पूर्ण मुलुकका दसौं करोड जनताको माझमा महान शिक्षाप्रद भूमिका खेलेको छ । वर्तमान नाजुक घडीमा, जब चीनमाथि एउटा राष्ट्रिय शत्रुले आक्रमण गर्दैछ, क्रान्तिकारी संघर्षमा प्राप्त पार्टीका महान ऐतिहासिक उपलब्धिहरू चीनको अस्तित्व-रक्षा तथा मुक्तिका लागि पूर्वाधार बनेका छन्, र यो पूर्वाधार भनेको यस्तो राजनैतिक नेतृत्वको अस्तित्व हो जसलाई विशाल बहुसंख्यक जनताको विश्वास प्राप्त भएको छ र जसको छनौट ती जनताले लामो समयको परीक्षणपछि गरेका छन् । आज जनता कम्युनिष्ट पार्टीले भनेका कुरालाई अरु कुनै पनि राजनैतिक पार्टीले भनेको कुरालाई भन्दा बढी तत्परताका साथ मान्छन् । विगत पन्ध्र वर्षमा चिनियाँ कम्युनिष्ट पार्टीद्वारा गरिएका कष्टसाध्य संघर्षहरूको अभावमा, चीनलाई दासताको नयाँ खतराबाट जोगाउनु असम्भव हुनेछ ।

छन् तू-श्यूको (४) दक्षिणपन्थी अवसरवाद र ली ली-सानको(५) "वामपन्थी" अवसरवादका गल्तीहरूका अतिरिक्त, चिनियाँ कम्युनिष्ट पार्टीले क्रान्तिकारी युद्धको क्रममा अन्य दुईटा गल्ती गरेको छ । पहिलो गल्ती १९३१-३४ को "वामपन्थी अवसरवाद" थियो (६), र यसको फलस्वरूप भूमिसम्बन्धी क्रान्तिकारी युद्धमा गम्भीर क्षतिहरू भए, जसले गर्दा हामीले शत्रुको "घेरा हाल्ने र नष्ट पार्ने" पाँचौं अभियानलाई पराजित गर्नुको सट्टामा आफ्ना आधार-क्षेत्रहरू गुमायौं र लाल सेना कमजोर भयो । जनवरी १९३५ मा चुनईमा भएको केन्द्रीय कमिटीको राजनैतिक समितिको विस्तारित बैठकमा यस गल्तीहरूलाई सच्याइयो । दोस्रो गल्ती १९३५-३६ मा चाङ क्वो-थाओको दक्षिणपन्थी अवसरवाद (७) थियो, र त्यो कति हदसम्म बढेर गयो भने त्यसले पार्टी र लाल सेनाको अनुशासनलाई कमजोर पाऱ्यो र लाल सेनाको मुख्य शक्तिको एक हिस्सालाई गम्भीर क्षति पुऱ्यायो । तर, केन्द्रीय कमिटीको सही नेतृत्व र लाल सेनामा पार्टी सदस्य, कमाण्डर तथा जोधाहाहरूको राजनैतिक चेतनाले गर्दा यस गल्तीलाई पनि आखिरमा सच्याइयो । अवश्य पनि यी सबै गल्तीहरू हाम्रो पार्टी, हाम्रो क्रान्ति र युद्धका लागि हानिकारक थिए, तर ...बाँकी ७ पेजमा

झर्रोटर्रो

कैलुब्राह

# सुपरहीट समाचार

यतिखेर नेपाली बजारमा दुईवटा सुपरहीट अर्थात् एक्सक्लुसिभ समाचारले हङ्गामा फैलाएको छ । एउटा हो मन्त्रीहरूको सम्पत्ती सार्वजनिकको घोषणा र त्यसको तुजुक । अर्को हो नेकपा अण्डरलाइनमा चलेको भाँडभैलो । यी दुई विषयमा चर्चा गर्नु मुनासिव होला भनेर यसपटकको झर्रो समाचारको पोको यिनै विषयमा खोल्नु परो भन्ने लागो । अहिलेको समाचारिय बजारमा यिनै माल बिकाउमा छन् । जे बिक्छ त्यही बेच्नु त पुँजीवाद हो । पुँजीको विकास त गर्नै परो । समाजवादमा जाने कुरो छ । त्यसैले मैले पनि त्यही जिनिस यहाँ पस्किएको छु ।

**पहिलो हो, सम्पत्ती घोषणा :**

भरखरै नेपाल सरकारले केही मन्त्रीहरूको सम्पत्ती सार्वजनिक गऱ्यो । सम्पत्ती नै नभएका विचरा मन्त्रीहरूको केको सम्पत्ती सार्वजनिक गर्नु । त्यो पनि कम्निस पाटीका मन्तरी । सम्पत्ती हुने त कुरै भएन । पञ्चप्रेतदेखि काङ्ग्रेस र जनयुद्धमा ' प्रतिक्रियावादी' सत्तासँग पङ्गा खेल्दा खेल्दै विचराहर्को सम्पत्ती उडिगयो । उनीहरू सर्वहारा भए । त्यसैले यसलाई कागजको चिर्कटो सार्वजनिक गऱ्यो भन्नु पो मनासिव होला । सरकार बनाएपछि पर्धानमन्तरी र मन्तरीहरू सबैले सम्पत्ती सार्वजनिक नामको एकोतिष्ट श्राद्धे गर्नुपर्ने वाध्यकारी नियम छ । त्यो पनि यिने'रु आफैले बनाएका हुन् । त्यसैले सम्पत्ती नभए पनि कागजको चिर्कटै भएपनि देखाएर श्राद्धेको रित पुऱ्याउनै पर्ने हुन्छ । त्यही रित पुऱ्याउने काम भएको छ । सरकारले यो श्राद्धे गर्न मात्रै के भ्याएको थ्यो' मिडियाहरूले स्याउँस्याउँ गरेर ढुँग थालिहाले । बाफरे बाफरे बाफ ! कति धेरै ढुँगेका हुन् । जताततै फलानो मन्त्रीको यस्तो ढिस्कानाको उस्तो भनेर पत्रिका, अनलाईन, टिभी, रेडियो, फेसबुक, टुइटर केके जाति हुन् सबै रङ्गीएका छन् ।

कम्निसको सिद्धान्त भनेको नीजि सम्पत्ती नराख्ने भन्ने हो । नीजि सम्पत्ती त पुँजीपति वर्गले मात्रै राख्छन् । त्यसैले पनि अहिलेको सरकार अर्थात् नेकपा अण्डरलाइनका मन्तरीहरूले आफूसँग सम्पत्ती नराखेर अब्बल सर्वहाराको परिचय दिए । स्यावास मन्तरीहरू ! आफ्ना नाउँमा आनासुको कौ पनि नराखेर सबै आफआफ्ना स्वास्नीहर्का नाउँमा राखेर बडा गजबको काम गरेछन् । स्यावास मन्तरीहरू ! अब चाहीं समाजवादी क्रान्तिको लक्षण देखायौ है । तिमेरुलाई धेरै धेरै धन्यावाद छ ।

एक त कम्निस पाटीका मन्तरी, नीजि सम्पत्ती राख्ने कुरै भएन । दोस्रो यो मन्तरी पदमा पनि सिण्डिकेट लागेर कम्ता गाह्रो भा'छ बिचाराहर्लाई । सिण्डिकेटले गर्दा पटक पटक दोहोरिँदै तेहरिँदै मन्तरी हुनु पर्ने बाध्यता छ । यिन'रुले व्यक्तिगत कमाइधमाइमा लाग्ने पा'छैनन् । पुलिसमन्तरीले भने शान्ती सुरक्षा गर्ने प्रमुख जिम्मेवारी भएकाले दुइथान कुकुरसम्म कमाउन पा'रैचन् । धन्न त्यती कमाइ गर्न पा'का रैचन र पो उनलाई पुलिसमन्तरी बनाइद्या रैचन हैंडुहर्ले । दुइथान कुकुर नकमाएको भे त रोल्पाली चेलाले त्यो पद उडाइदिने रैचन् ।

मन्तरीहर्लाई सरकारी काम गर्ने, फाइल सदर बदर गर्ने, दातामाताहर्को स्वागत सत्कार गर्ने, देशाटन गर्ने, परदेशहरूमा गएर रिबन काट्ने, भाषणभिषण गर्ने, अनुगमन गर्ने आदि इत्यादि गर्नमै हैरानी छ । एकदिन एउटा मन्तरीलाई भेटन् यो लेखन्दास पनि गा'थ्यो' सिँहदरबार । ठ्याक्कै चार घण्टा बाहिर लाइनमा बसेर बल्लबल्ल पालो आयो र पौने चार मिनेट कुरा गरेर आएको साक्षात साँछी आफै छ । यस्तो बिजिमा हुँदा रैचन मन्तरीहरू । अनि तिन्ले काँको सम्पत्ती कमाउनु र यति छ उती छ भनेर सार्वजनिक गरुन् । बिचराहर्ले आफूले ढिकुटीबाट थापेको आनापैसो तलब र क्वाटरमा लगेर खुरुक्कन स्वास्नीलाई बुझाउनु पर्च, अनि उनीहरूसँग केको पैसो हुनु । हाम्रो देशौं धनीमानी, हुनेखाने, जागिरे, सरकारी ओहोदा आदिइत्यादिमा बस्नेहर्ले आफ्नो कमाइ सबै स्वास्नीलाई बुझाउने चलन छ । यो त अचेल नारी अधिकारका कुरा पनि हो क्यारे ।

मन्तरीका स्वास्नीहर्ले पनि त्यस्तो विधि कमाका त काँ छन् र ! उनीहर्लाई पनि उद्योगी, व्यापारी, ठेकेदार, कर्मचारी सर्मचारीहर्ले मन्तरीले उनीहर्का कामसाम मिलाइद्या हुनाले त्यसैको खुसियालीमा स्वास्नीहर्का खातामा आनापैसो उपहार हालिदिएर जम्मा भएको हो । यसमा कसैले डाहा रिस गर्ने कुरै भएन । मन्तरीहरू त चोखै त छन् । यत्रो विधि हल्ला बखेडा गर्नु जरुरी छैन ।

**दोस्रो हो, नेकपा अण्डरलाइन :**

नेपाल मण्डलका दुइवटा डाइनोसर कम्निस पाटी मिलेर एउटै पाटी भए, नेकपा अण्डरलाइन । अहिलेको नेपाली बजारमा यसैको भाउ छ । यो अहिलेको चल्तिको जिनिस हो । विशेष गरेर ठूलो पाटीलाई हात्ती पाटी भन्ने चलन छ, तर मैले त्यो चलनलाई तोडेर डाइनोसर भन्नु मुनासिव ठानेको छु । किनकि डाइनोसर लोप भएको जनावर हो । हात्ती त अहिलेसम्म जिवितै छ । यी दुई ठूला कम्निस पनि पुराना लोप भएर नयाँ बनेको हुनाले लोप भएकालाई डाइनोसर भन्नु सोह्रै आना मुनासिव ठानेको हुँ । आर्को कुरा जसरी फेरी नर्फकने गरी यो पृथ्वी मण्डलबाट डाइनोसर सदाका लागि लोप भयो त्यसैगरी यी दुई डाइनोसर पाटीले पनि पुराना विचार, सिद्धान्त, रिसराग सबै फलेर नयाँ बनेको हुनाले ती त लोप भएर गए । मार्क्सवाद लेनिनवाद भन्ने कुरा पनि नाम मात्रै हो । डाइनोसर नभएपनि हामीले डाइनोसरको नाम त लिएकै छौं त्यसैगरी सिद्धान्त, विचार, लक्ष्य, उद्देश्य सबै छोडे पनि नाम त कम्निस राखेकै छन् ।

अहिले यो बनेको नेकपा अण्डरलाइनभित्र बडा अचम्मको भाँडभैलो मच्चिएको छ । माउ डाइनोसरहरू सिण्डिकेटका कारण आआफ्नै पदमा पदासिन भए, तर तिनका भुराभुरी चल्ला, कोही नकोरलिएका अण्डाजति विचल्लीमा परे । त्यसैले आहाराको खोजी गर्न नसकेर मुख क्याप क्याप पार्दै चिल्लाइरहेका छन् । हैंडु डाइनोसरले आफैसित सति जान डोऱ्याएका ४४१ जना भुरा डाइनोसरहरू खुसियाली साटासाट गदै आफआफ्ना गुँडतिरका माउको स्वस्तीगान गाइरहेका छन् भने असरल्ल पारेर माउबिना भएका जति सन्तोसरापमा लागेका छन् । सबै भन्दा विजोग त हजारीलाल वालाहरूको भएको छ । एक त बल्लतल्ल विभिन्न गुटका मालिकहर्को सेवा चाकडी गरेर थोकमा सिसिएम पड्का'का थे' त्यही पनि एक पटक पनि सिसिको बैठकको अनुभूती नै गर्न नपाएर विघटन हुनु । घटुवा भएर पनि कहाँको भागविलो पाइने हो भन्ने कुराको कुनै टुङ्गो नलागुले बेचैन बनाएको छ । उता बल्लतल्ल मालिकहर्को निगाहा भएर बक्सिस पाएको सिसिएमको पगरी पनि कसैको खुस्किसक्यो भने परेकाहरू पनि माथिल्लो दर्जाका लागि लुछाचुँडी र हानथाप पर्नाले कन्तबिजोग हुने भएको छ । अब उनीहरू सबैको भविश्य कस्तो हुने भन्ने कुरा दुइथान हैंडुहरूकै हातमा छ । उनीहर्ले जजस्लाई टीको लाएर आशिर्वाद दिन्छन् तिनैको भविश्य बन्ने अवस्था छ । अहिलेको नेपाली बजारमा निकै चल्लतीमा आएका जिनिस यिनै हुन् । १० जेठ २०७५

kailubraha73@gmail.com

# सर्वहारा वर्गको क्रान्तिकारी उद्देश्यका निम्ति उत्तराधिकारीहरूलाई तालिम

हामीले "सर्वहारा क्रान्तिको उद्देश्यका निमित्त लाखौं उत्तराधिकारीहरूलाई लालिम दिनु पर्दछ ।" यो इतिहासले हाम्रो पार्टीलाई सुम्पेको महान तथा गौरवशाली रणनैतिक कार्यभार हो । सिङ्गो पार्टीले महत्व दिए मात्र यस्तो कार्यभार पुरा गर्न सकिन्छ । त्यसकारण, सबै पार्टी संगठनहरू र सदस्यहरूले यो निर्देशनलाई निष्ठापूर्वक अध्ययन गर्नु पर्दछ, पूरा आत्मसात गर्नु पर्दछ र लागु गर्नु पर्दछ ।

**महत्वपूर्ण रणनैतिक काम**

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन र हाम्रो पार्टीभित्र चलेको दुईलाइन संघर्षका अनुभवलाई व्यवस्थित अध्ययन गरेपछि अध्यक्ष माओले सर्वहारा वर्गको क्रान्तिकारी उद्देश्यका निम्ति पार्टी र राज्यको भाग्यसंग जोडिएको विषय, उत्तराधिकारीहरूलाई तालिम दिने महत्वपूर्ण प्रश्न, उठाउनु भयो । वहाँले भन्नुभयो, "अन्तिम विश्लेषणमा सर्वहारा वर्गको क्रान्तिकारी उद्देश्यका निमित्त उत्तराधिकारीहरूलाई तालिम दिने प्रश्न सर्वहारावादी क्रान्तिकारीहरूको पुरानो पुस्ताले सुरु गरेको मार्क्सवादी-लेनिनवादी क्रान्तिकारी उद्देश्यलाई अगाडि बढाउन सक्ने व्यक्ति पछि होलान कि नहोलान, पार्टी र राज्यको नेतृत्व सर्वहारावादी क्रान्तिकारीहरूको हातमा रहला कि नरहला, हाम्रा सन्ततीले मार्क्सवाद-लेनिनवादले निर्दिष्ट गरेको सही बाटोमा हिंडलान कि नहिंडलान्, अथवा अर्को शब्दमा हामीले चीनमा ख्रुश्चोभी संशोधनवादलाई पैदाहुन बाट रोक्न सकौंला कि नसकौंला भन्ने प्रश्न हो । यो हाम्रो पार्टी र देशको जीवन र मरण संग जोडिएको अत्यन्त महत्वपूर्ण प्रश्न हो । सय, हजार अझ भनौं दशौं हजार वर्षका लागि यो सर्वहारा क्रान्तिकारी उद्देश्यका निम्ति आधारभूत महत्वको प्रश्न हो ।" अध्यक्ष माओको यो निर्देशनले सर्वहारा वर्गको क्रान्तिकारी उद्देश्यका निम्ति उत्तराधिकारीहरूलाई तालिम दिने कुराको महत्वलाई पूरा जोड दिएको छ ।

चिनीया क्रान्तिका हरेक ऐतिहासिक चरणहरूमा अध्यक्ष माओले उत्तराधिकारीहरूलाई तालिम दिने काममा सधै जोड दिने गर्नु हुन्थ्यो, वहांले सधैं क्रान्तिका निमित्त नयां कार्यकर्ताहरूलाई र उत्तराधिकारीहरूलाई तालिम दिने कुरामा निकै महत्व दिने गर्नुहुन्थ्यो । पहिलो क्रान्तिकारी गृह युद्ध कै समयमा, जतिबेला अध्यक्ष माओले किसान आन्दोलनको संस्थालाई नेतृत्व प्रदान गरिरहनु भएको थियो, उहाँले त्यति बेलाको क्रान्तिकारी संघर्षका निम्ति ठूलो संख्यामा उत्कृष्ट कार्यकर्ताहरूलाई तालिम तथा प्रशिक्षण दिनु भएको थियो । कृषि क्रान्तिकारी युद्धका बेला नयां कार्यकर्ता चयन गर्न हिम्मत नगर्ने गलत दृष्टिकोण प्रति इंगित गर्दै अध्यक्ष माओले घोषणा गर्नु भयो, "यो गलत दृष्टिकोणलाई मिल्काउनुस् अनि तपाईंको वरिपरी थुप्रै कार्यकर्ताहरू हुने छन् ।" जापान विरोधी प्रतिरोध युद्धका बेला वहांले पुनः जोड यो दिनु भयो, "त्यसकारण, योजनाबद्ध रूपमा ठूलो संख्यामा नयां कार्यकर्ताहरूलाई तालिम दिनु हाम्रो लडाईको काम हो ।" र समाजवादी क्रान्तिको बेला, सर्वहारा वर्गको अधिनायकत्वको अनुभवलाई समीक्षा गरिसके पछि १९६४मा अध्यक्ष माओले पार्टीलाई निम्न पदावलीले सम्बोधन गर्नु भयो, "हाम्रो पार्टी र देशले आफ्नो रंग बदल्ने छैनन् भन्ने कुराको ग्यारेन्टी गर्न हामीसंग कार्यदिशा र सही नीति मात्र भएर पुग्दैन बरु सर्वहारा क्रान्तिको उद्देश्यलाई अगाडि बढाउन सक्ने दशौं लाख उत्तराधिकारीहरूलाई ल्याएर तालिम दिनु पर्दछ ।" वहांले पार्टीलाई आव्हान गर्नुभयो, "माथिदेखि तलसम्म सबै ठाउंका संगठनहरूमा हामीले क्रान्तिकारी उद्देश्यका निम्ति उत्तराधिकारीहरूलाई तालिम दिने र माथि ल्याउने विषयमा ध्यान दिई राख्नु पर्दछ ।" महान सर्वहारा सांस्कृतिक क्रान्तिका बेला अध्यक्ष माओले बारंबार नयां कार्यकर्ताहरूलाई छान्नु पर्छ र सबै तहका नेतृत्वदायी निकायहरूमा जोड्नु पर्छ भन्ने गर्नु हुन्थ्यो । धेरै दशक सम्म हाम्रो पार्टीले अध्यक्ष माओका यी सबै शिक्षालाई अनुसरण गर्दे अत्यन्तै कठीन र जटील क्रान्तिकारी संघर्षको प्रक्रियामा पनि अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशाको कार्यान्वयनको र एउटा पछि अर्को विजयको ग्यारेन्टी गर्दै लगातार क्रान्तिकारी कार्यकर्ताहरूलाई तालिम दिएको छ र तिनलाई अगाडि बढाएको छ ।



**हामीले विशेषतः मजदुरूहरू, गरिब तथा निम्न मध्यम किसानहरूका बीचबाट उत्कृष्ट तत्वहरूलाई छान्ने कुरामा जोड दिनु पर्दछ, महिला तथा अल्पसंख्यक जातिबाट आएका कमरेडहरूमा ध्यान दिनु पर्दछ । नेतृत्वदायी पदका लागि हामीले आफ्नो व्यावसायिक गतिविधिमा घाँटीसम्म डुबेका, राजनीतिमा चासो नभएका र अरूको भावनामा चोट पुऱ्याउन नचाहने "बुद्धिमान बुढो मानिस" लाई छान्नु हुँदैन**

सर्वहारा वर्गको क्रान्तिकारी उद्देश्यका निम्ति उत्तराधिकारीहरूलाई तालिम दिने प्रश्नमा धेरै तीखो वर्ग संघर्ष र दुईलाइन संघर्ष रहन्छ । सर्वहारा वर्गको अधिनायकत्वलाई मिल्काउने उनीहरूको आपराधिक उद्देश्य पुरा गर्नका निम्ति पार्टीको भित्र र बाहिर रहेका दुश्मनहरूले हर संभव उपाय तथा चालवाजीका साथ उत्तराधिकारी को हुने भन्ने विषयमा सर्वहारा वर्गसंग शक्ति परिक्षण गर्ने प्रयास गर्दै आएका छन् । उनीहरूले हाम्रो पार्टीको तेस्रो वा चौथो पुस्तामा पुनर्स्थापनाको आशा गरेका छन् । पार्टीको आधारभूत कार्यदिशालाई बदल्न र पुजीवादको पुनर्स्थापना गर्न लिन पियाओ र कम्पनी उत्तराधिकारीका विषयमा सर्वहारा वर्गसंग लडदै पार्टी भित्रैबाट क्रान्तिको ध्वंश गर्ने काममा संलग्न रऱ्यो । सर्वहारा वर्गको क्रान्तिकारी उद्देश्यका निम्ति दशौं लाख उत्तराधिकारीहरूलाई तालिम दिने विषयमा तिनीहरूले उत्तेजित भएर अध्यक्ष माओका निर्देशनहरूको घोर विरोध गरे, सर्वहारा वर्गका योग्य उत्तराधिकारी बन्न आवश्यक पर्ने शर्तलाई आफ्नो उद्देश्यसंग मेल खाने गरी विगारे, नेतृत्वदायी निकायहरूमा बृद्ध, प्रौढ र युवालाई एक-मा-तीनको मेल गराउने कुराको विरोध गरे र युवा पुस्ताका कार्यकर्ताहरूलाई विषालु विचार र बुर्जुवा जीवन शैलीद्वारा गलत दिशातिर बहकाए र प्रदुषित गराए । तिनीहरूले शिक्षित युवालाई गाउँतिर पठाउने र कार्यकर्तालाई "मे ७" स्कुलहरूमा पठाउने कुराको पनि विरोध गरे । तिनीहरूले कार्यकर्ता र युवा पुस्तालाई अध्यक्ष माओको सही बाटोबाट अन्यत्र मोडने र पूँजीपति र जमिन्दार वर्गले चाहेको जस्तो प्रतिक्रान्तिकारी पुनर्स्थापनाको साधनमा बदल्ने व्यर्थ आशामा पहिलेको नीति "अनिवार्य श्रमको नक्कली रूप" थियो र पछिल्लो नीति "बेरोजगारीको नक्कली रूप" थियो भन्ने बहस चलाएर त्यसको निन्दा गरे । यो सबै उनीहरूको मूर्खतापूर्ण आशा मात्र थियो । युवा र क्रान्तिकारी कार्यकर्ताहरूले लिन पियाओ र कंपनीले चलाएका निर्लज्ज बदनामीको काम र शब्द दुबैमा जोडदार आलोचना गरेका छन् ।

**उत्तराधिकारीलाई संघर्ष मार्फत् तालिम देउ र छान**


अध्यक्ष माओले हामीलाई सिकाउनु भएको छ, "सर्वहारा वर्गको क्रान्तिकारी उद्देश्यका निम्ति उत्तराधिकारीहरू जनसंघर्षमा अगाडी आउछन् र क्रान्तिको महान् आंधीबेरीमा खारिन्छन् ।" यही आधारभूत निर्देशन अनुसार हामीले क्रान्तिका निमित्त उत्तराधिकारीलाई छान्न र तालिम दिनु पर्दछ, यदि हामीले अध्यक्ष माओको निर्देशनलाई लागु गऱ्यौ भने सर्वहारा वर्गको क्रान्तिकारी उद्देश्यका निम्ति उत्तराधिकारी पैदागर्ने र विकास गर्ने कामलाई छिटो गराउन सक्छौं । एउटा लोकप्रिय भनाई छ, "हजार वर्ष बुढो सल्ला एउटा भांडोमा बढदैन, न त एउटा मत्त फाल हाल्ने घोडा अंगुठीमा नै दगुर्न सक्छ ।" सर्वहारा वर्गको क्रान्तिकारी उद्देश्य पुरा गर्नका निम्ति उत्तराधिकारीहरू ठूला आंधीबेरीपूर्ण जनसंघर्षमा मात्र अगाडि आउंछन् र खारिन्छन् । मार्क्सवादीहरूले ज्ञान व्यवहारबाट पैदा हुन्छ भन्ने दावी गर्दछन् । संघर्षमा अनुभव, नेतृत्वको कला र जनताको कार्य क्षमता कहिल्यै आकासबाट खस्दैनन्, तिनीहरू क्रान्तिकारी संघर्षको अभ्यासबाट क्रमसः बढदै जान्छन् । युवा कार्यकर्ताहरूलाई नेतृत्वको काम सुम्पने विचारबाट केही कमरेडहरू चिन्तित हुन्छन्, जसलाई तिनीहरूले राजनीतिक रूपमा कम तयार र गह्रौं भारी बोक्न नसक्ने सोच्छन् । यो गलत विचार हो । अध्यक्ष माओले भन्नु हुन्छ, "तिनीहरूलाई काममा जान दिनुस्, गरेर सिक्न दिनुस्, तिनीहरू अरु योग्य हुनेछन् । यसरी, राम्रा मान्छेहरू ठूलो संख्यामा आउने छन् । 'अगाडि सधैं अजिंगर देख्ने र पछाडि बाघ देख्ने' कुराले कुनै कार्यकर्ता उत्पादन गर्दैन ।" हामीले नयाँ कमरेडहरू थप क्षमतावान भएको देख्न चाहन्छौं भने हामीले तिनीहरूलाई तीन क्रान्तिकारी संघर्षको अग्र मोर्चामा आफैलाई खार्ने, आँधीबेरीको सामना गर्ने र वर्गसंघर्ष तथा दुईलाइन संघर्षका तरङ्गहरूको चुचुरोबाट संसार बारे सिक्ने मौका दिनु पर्दछ । वास्तविक संघर्षका बीचबाट सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत तिनीहरूले क्रान्तिको निरन्तरता सम्बन्धि चेतना उठाउने छन्, मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधारालाई अरु गहिरो गरी आत्मसात गर्ने छन्, तीन क्रान्तिकारी आन्दोलनका वस्तुगत नियमहरूलाई जान्ने छन् र तिनलाई प्रयोग गर्न सिक्ने छन् । सबै तहका पार्टी संगठनहरूले तिनीहरूलाई काममा नअल्झाई स्वतन्त्र ढङ्गले आफ्नो काम गर्न मूर्त निर्देशन दिनु पर्दछ ता कि तिनीहरू आफैले परिस्थितिलाई चिन्न, राजनीति बुझ्न, समस्याको आफैले सामना गर्न र आफैले कामको नेतृत्वगर्न सकुन् । पार्टी संगठनहरूले तिनीहरूबाट धेरै माग गर्दागर्दै पनि तिनीहरूलाई ठोस सहयोग गर्नु पर्दछ, आफ्नो हातमा केही नराखी उनिहरू माथि प्रशस्त ध्यान दिनु पर्दछ । पार्टीको कार्यदिशा र सिद्धान्तको निर्देशनमा तिनीहरूलाई आफ्नो पहलकदमी र सिर्जनशीलताको पुरै उपयोग गर्न दिनु पर्दछ । तिनीहरूलाई व्यवहारमा उच्चस्तरको साहस प्रदर्शन गर्न, कार्वाहीमा जाने र प्रयोग गर्ने हिम्मत गर्न उत्साहित गर्नु पर्दछ ता कि तिनीहरू आफैले लडने क्षमताको विकास गर्न र नेतृत्व कला सिक्न सकुन् । यो तरीकाले, तिनीहरू तल्लो तहको जुझारु अभ्यासबाट सापेक्षिक उच्चस्तरको अभ्यास सम्म, राजनीतिक परिपक्वता नभएको स्थितिबाट एक हदको परिपक्वता सम्म, कामको नेतृत्वगर्न नसक्ने स्थितिबाट निश्चित क्षमता आर्जन गर्ने सम्म अगाडि बढने छन् ।

क्रान्तिका निमित्त उत्तराधिकारीहरूलाई माथि ल्याउन हामीले माओले सूत्रीकरण गर्नु भएका पांचवटा सर्तहरूलाई लागु गर्नु पर्दछ र काममा व्यक्तिलाई क्षमताको आधारमा खटाउने गर्नु पर्दछ । अध्यक्ष माओले औंल्याउनु भएको छ कि सर्वहारा वर्गको क्रान्तिकारी उद्देश्यका निम्ति उत्तराधिकारीहरू "सच्चा मार्क्सवादी-लेनिनवादी हुनु पर्दछ", तिनीहरू "चीन र पुरै विश्वका बहुसंख्यक जनताको हार्दिकताका साथ सेबा गर्ने क्रान्तिकारी हुनु पर्दछ", "तिनीहरू पार्टीको जनवादी केन्द्रीयतालाई लागुगर्ने नमुना बन्नु पर्दछ, जनताबाट जनतालाई भन्ने सिद्धान्तमा आधारित रहेर नेतृत्व विधिमा सिपालु बन्नु पर्दछ र जनवादी तरिकाको विकास गर्नु पर्दछ र जनतालाई सुन्नेमा राम्रो हुनु पर्दछ, तिनीहरू नम्र र विवेकी हुनु पर्दछ र घमण्ड र आवेगका विरुद्ध खडा हुनु पर्दछ, आत्मालोचनाको स्पिरिटले भरिएको र कामका दौरान भएका गल्ती कमजोरीलाई सच्याउने साहस भएको हुनु पर्दछ ।" माओले अगाडि सार्नु भएका यी पांच शर्तहरू सर्वहारा वर्गको क्रान्तिकारी उद्देश्यका निम्ति उत्तराधिकारीहरूलाई तालिम दिन र छान्नका निमित्त सबैभन्दा सही मापदण्डहरू हुन् । क्रान्तीका निमित्त उत्तराधिकारीहरूलाई तालिम दिनका निम्ति पार्टी संगठनहरूले यी पांच सर्तहरूलाई निष्ठापूर्वक अध्ययन गर्नु, पुर्णरूपमा बुझ्नु र दृढतापूर्वक लागु गर्न पर्दछ । हामीले सबै तहका नेतृत्वदायी पदहरूमा महान सर्वहारा सांस्कृतिक क्रान्तिको आन्दोलनमा खारिएका, दुईलाइन संघर्षमा उच्च तहको चेतना प्राप्त गरेका, अस्वस्थ प्रवृत्तिका बिरुद्ध लडन हिम्मत गर्ने, योग्य, क्षमतावान र प्रसस्त उत्साह देखाउंने उत्कृष्ट कमरेडहरूमा जोड गर्नु पर्दछ । हामीले विशेषतः मजदुरुहरू, गरीव तथा निम्न मध्यम किसानहरूका बीचबाट उत्कृष्ट तत्वहरूलाई छान्ने कुरामा जोड दिनु पर्दछ, महिला तथा अल्पसंख्यक जातिबाट आएका कमरेडहरूमा ध्यान दिनु पर्दछ । नेतृत्वदायी पदका लागि हामीले आफ्नो व्यावसायिक गतिविधिमा घाँटीसम्म डुबेका, राजनीतिमा चासो नभएका र अरुको भावनामा चोट पुऱ्याउन नचाहने "बुद्धिमान बुढो मानिस" लाई छान्नु हुदैन । साथै, हामीले ख्रुश्चोभ जस्ता स्वार्थी, महत्वाकांक्षी, षडयन्त्रकारी र कपटी प्रति निगरानी राख्नु पर्दछ र यस्ता गलत तत्वहरूलाई पार्टी र राज्यको कुनै तहको नेतृत्वदायी निकायमा घुस्न र नेतृत्व कब्जा गर्नबाट रोक्नु पर्दछ ।

क्रान्तिका निमित्त उत्तराधिकारीहरूलाई तालिम दिंदा हामीले बृद्ध, प्रौढ र युवाको "एक-मा-तीन"को मेललाई सही तरिकाले लागु गर्नु पर्दछ । महान सर्वहारा सांस्कृतिक क्रान्तिताका क्रान्तिकारी जनसमुदायले "एक-मा-तीन"को मेल लाइ मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधारासंग जन आन्दोलनलाई संयोजन गर्नुको परिणाम हो । दशौ महाधिबेशनमा पारित पार्टीको बिधानले सबै तहका नेतृत्वदायी अंगहरूमा बृद्ध, प्रौढ र युवाको "एक-मा-तीन"को मेललाइ पार्टीको संगठनात्मक सिद्धान्तको रूपमा स्पष्ट व्याख्या गरेको छ, यसले हामीलाई संगठनात्मक क्षेत्रमा निकै ठूलो सहयोग गरेको छ र क्रान्तिका निमित्त अध्यक्ष माओद्वारा सूत्रबद्ध गरिएका पांच शर्त अनुरूप उत्तराधिकारीहरूलाई तालिम दिन अत्यन्त अनुकुल परिस्थिति प्रदान गरेको छ । व्यवहारले देखाएको छ कि सबै तहका नेतृत्वदायी अंगहरूमा बृद्ध, प्रौढ र युवालाई मिलाउने सिद्धान्तको प्रयोग क्रान्तिका निमित्त उत्तराधिकारीहरूको तालिम दिने एउटा महत्वपूर्ण साधन हो । क्रान्तिकारी संघर्षका धेरै वर्षहरूका बीचमा खारिएका हाम्रा पुराना क्रान्तिकारी कमरेडहरूसंग प्रचुर अनुभव र राम्रो नेतृत्व क्षमता छ । युवा कार्यकर्ताहरू सिक्न सब भन्दा बढी ईच्छुक र वैचारिक हिसावले कम रुढीवादी हुन्छन्, नयाँप्रति निकै खुला हुन्छन्, सोच्न, बोल्न र गर्न साहस गर्छन्, तिनीहरू हाम्रो क्रान्तिका भविष्य र आशा हुन् । धेरै प्रौढ कार्यकर्ताहरूमा बृद्ध र युवा कार्यकर्ताका विशेषताहरू मिसिएका हुन्छन्, तिनीहरू शक्तिले भरपुर हुन्छन् नेतृत्वदायी निकायका केन्द्रीय भूमिकामा हुन्छन् । यदि सामुहिक नेतृत्वमा हामीले संगै काम गर्ने, एकले अर्कोबाट सिक्ने, एक अर्कोका पूरक हुने र सधै प्रगति गर्ने बृद्ध, प्रौढ र युवा रहेका छन् भने यसले नेतृत्वदायी निकायलाई शक्तिशाली र लडाकु स्पिरिटले भरिपूर्ण बनाउने मात्र होईन यसले पुरानो पुस्ताले दिएको प्रेरणा, तालिम र सहयोगले युवाहरूलाई खार्न र छोटो समय पछि सर्वहारा वर्गको अधिनायकत्व अन्तरगत क्रान्तिलाई निरन्तरता दिने कामको जिम्मेदारी लिन योग्य पनि गराउने छ ।

*('चिनियाँ कम्युनिष्ट पार्टीबारे आधारभूत बुझाई' पुस्तकबाट)*

# नेपालको राजनैतिक इतिहास र वर्तमान–सक्षिप्त सिंहावलोकन



● पुष्पगोपाल श्रेष्ठ ●

ब्रिटिश साम्राज्य (ईष्ट इन्डिया कम्पनी) सँग गरिएको सुगौली सन्धियता नेपालका सत्तासिनहरूले नेपालको राष्ट्रिय-स्वाधिनता, जनजिविका र जन-सरोकारका अत्यन्तै संम्वेदनशील बनाएका छन् । त्यसपछि वैदेशिक र मूलतः भारतीय विस्तारवादी हस्तक्षेप र त्यसका अघि लम्पसार पर्दै आएको स्वदेशी पृतिक्रियावादले निर्लज्ज ढङ्गले खेलवाड गर्दै, आफ्नो स्वार्थ सिद्ध गर्दै आइरहेको छ । वीर पूर्खाका बलिदान र अपेक्षा अलपत्र परेका छन् ।

नेपाली भूमिभित्र कुनै पनि नेपाली पराधीन भएर गुम्सेर वा गुलामी गरेर जीवन यापन गर्नु परेको इतिहास छैन । तर पनि नेपालको इतिहास हेर्‍यौं भने यो स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न, भू-अखन्ड नेपाली भूमिमाथि साम्राज्यवादीहरूले बेलाबखत गिद्धे-दृष्टि गाडने गरेका छन् । बेलाबखत नेपाली भूमिमाथि आफ्नो अधिपत्य जमाउने कुचेष्टाका साथ सैनिक आक्रमणमा समेत उत्रेका छन् । हाम्रा पूर्वज वीरवीरङ्गनाहरूको देशभक्ति र समर्पणले गर्दा नेपाल आजसम्म बच्न सकेको छ ।

नेपालको गौरवपूर्ण इतिहासलाई धज्जी-उडाउँदै महत्वाकाङ्क्षी राजा पृथ्वीनारायण शाहले अनैतिक तौरतरिकाका अनेकौं छलकपटपूर्ण नीति अपनाई नेपाली भूमिभित्र आन्तरिक उपनिवेश खडा गरे । नेपालका सम्पूर्ण आदिवासी जनजातिहरूको राजनीतिक, आर्थिक, सामाजिक तथा धार्मिक जस्ता सम्पूर्ण नैसर्गिक अधिकारहरू बलजफ्ती हनन् गरे । सामन्ती शोषण, दमन र उत्पीडनको हथ्कन्डा मच्चाई आफुले सृजना गरेको आन्तरिक उपनिवेशिक एकात्मक केन्द्रिकृत राज्यसत्तामा रूपान्तरण गरे । त्यसलाई दरिलो र दिगो पारी टिकाइराख्न नेपाली अनुहारका तर व्यक्तिगत स्वार्थमा निर्लिप्त तथा नेपाल राष्ट्र र राष्ट्रियताको स्वतन्त्र अस्तित्वलाई त्याग्न तयार लोभीपापी सत्ताको वरिपरि जम्मा पारे ।

त्यसैगरी जङ्गबहादुर राणा (कुँवर)ले पनि उही शाहवंशीय राज्य-सत्ताको धरातलमा टेकेर बृटिस साम्राज्यवादको तावबदारी गरे । नेपालमा आफ्नो जहानियाँ निरङ्कुश तानाशाही शासन लादेर १०४ वर्षसम्म राज गरे । नेपाल र नेपालीलाई दोहन गरी पूरै मोज-मस्तिकासाथ ऐयासी जीवन यापन गर्दै आए । शाहवंशीय कब्जामा रहेको नेपालको राज्य-सत्ता खोस्न सफल राणा शासकले तत्कालीन नेपाली समाजमा अत्यन्तै गहन रूपले भित्रैसम्म गाडेर बसेको अध्यात्मवादी संस्कृतिको भरपूर प्रयोग गरे । राजा भनेको विष्णुका अवतार (साक्षात परमेश्वर, नारायण देवता) हुन् भन्ने अध्यात्मवादी मनोभावनामा ठेस नपर्ने गरी बडो चलाकीपूर्ण तरिका अपनाएर राजालाई देखावटीको रूपमा श्री ५ महाराजाधिराज सरकार भन्ने शब्द अलङ्कार यथावत कायम राखी भित्रभित्रै पूर्णरूपले सुरा र सुन्दरीहरूको पूर्ण-विलासिताको महाजालमा फसाएर राखे ।

राज्यको शासन-सत्ता पूरै कब्जागरी नेपाली आमजनतामाथि मनोमानी ढङ्गले शोषण, दमन र उत्पीडनको तौरतरीका अपनाई निरङ्कुश तानाशाही शासन लाद्न सफल भए । जहानियाँ राणा शासनका अन्तिम सरकार प्रमुख मोहनशम्शेरको पालासम्म आइपुग्दा अन्ततः जनताको आक्रोश सामु नतमस्तक भई घुँडा टेक्न बाध्य हुन पुगे । यद्यपि २००७ सालमा भएको सशस्त्र जनक्रान्ति नेपाली काँग्रेसको नेतृत्वमा भएको थियो भन्ने गरे तापनि राणाहरू कम शक्तिशाली थिएनन् ।

नेपालका निरङ्कुश तानाशाही शाहवंशीय तथा जहानियाँ राणा तानाशाही सरकारहरूको अतिशय दमन, शोषन र उत्पीडनमा परी आजित भई बसेका आम जनसमुदाय निरङ्कुशताका विरुद्ध जनक्रान्तिको ज्वालामा लामबद्ध भए । जनतामा राजनीतिक चेतना जगाउन महान् वीर शहिद गंगालाल, धर्मभक्त, शुक्रराज शास्त्री र दशरथचन्दहरू जस्ताले खेलेको निकै ऐतिहासिक र सह्रानीय छ । तथापि क्रान्तिकारी भूमिकाबाट प्रभावित र प्रशिक्षित भई उठेको नयाँ उभार नेपालमा विकसित हुँदै आइरहेको अवस्थामा आफूले फाइदा उठाउने दुरासयपूर्ण मानसिकताकासाथ नेहरूले बडो चलाकीपूर्ण तौरतरिका अपनाए । राणा कांग्रेसलाई सम्झौतामा ल्याए ।

नेपालको राणाविरोधी आन्दोलनमा भारतमा चलेको ब्रिटिश साम्राज्यवादी उपनिवेशमा जकडिएर बस्न वाध्य भारत, दोश्रो विश्व युद्धताका चलेको उपनिवेशवादविरोधी हावाहुरी र भारतीय राष्ट्रवादी भगतसिं र सुभाषचन्द्र बोश जस्ता सपुतहरूको त्याग, तपस्या र आत्मबलिदानीपूर्ण क्रान्तिकारी भूमिकाको गहिरो छाप परेको छ । नेपालमा आन्तरिक तथा बाह्य उपनिवेशविरुद्ध जागृत जनताको उभार देखेर भारतीय नेता जवाहरलाल नेहरूले आफूलाई यसका विरुद्ध उभ्याए । ब्रिटिश साम्राज्यवादको अघोषित उतराधिकारीको रूपमा प्रस्तुत हुँदै भारतीय विस्तारवादी नीति नेपालमाथि लाद्ने दुराशयपूर्ण सोचको विकास गर्न थाले ।

दिल्ली दरबारका प्रधानमन्त्री जवाहरलाल नेहरूको नीतिनिर्देशन र उनकै रोहवरमा २००७ सालको जनक्रान्तिको पश्चात् निर्मित अन्तरिम सरकारको प्रधानमन्त्र मोहनसम्शेर तथा गृहमन्त्रीमा विश्वेश्वरप्रसाद कोइरालालाई पदभार सम्हाल्ने गरी तोकियो । गृहमन्त्रीको कार्यभार सम्हाल्न पुगेका कोइराला, सामन्तीहरूको चाप्लुसी अर्थात् राजा त्रिभूवनले आफुसँग दर्शाएको मित्रवत् व्यवहारबाट प्रफुल्लित थिए । उनी राणाकालीन सिंहदरबारभित्र आफ्नो शान्ति सुरक्षाको निमित्त तैनाथ गरिराखेको बिजुली गार्ड नाम गरेको सेनालाई सिंहदरबारबाट नारायणहिटी राजदरबारमा स्थानान्तरण गर्ने तरखरमा सक्रियताका साथ लागि परिरहेका थिए । गृहमन्त्री कोइरालालाई प्रधानमन्त्री मोहन सम्शेरले सचेतता अपनाउन भनेका थिए । उनले कोइरालालाई भनेका थिए- “मलाई झम्टने बाघले, पछि तिमीलाई पनि खान बेर छैन” । तर काइरालाले यसलाई त्यत्तिकै टारिदिएका थिए ।

सिंहदरवारस्थित ती सम्पूर्ण सेनालाई नारायणहिटी राजदरवारमा स्थानान्तरण गरेको भोलिपल्ट आफू पहिले पहिले जस्तै दरबारभित्र प्रवेश गर्न खोज्दा उही सेनाले आफूलाई दरबारभित्र प्रवेश गर्न रोकेको कुरा राजा त्रिभुवनलाई जाहेर गरे । राजाले अत्यन्तै सहज ढङ्गले सम्झाउँदै भने- “यो कुनै ठूलो कुरा होइन, यो त नियमको कुरा मात्र हो” भने । यस्तो कुरा सुनेपछि कोइराला आफू निन्द्राबाट व्युँझे झैं झस्केर भने ‘आफूले आफ्नै खुट्टामा बञ्चरोले हान्न पुगेछु’ भनी सुसाउन थालेको कुरा उत्तिकै स्मरणीय छ ।

*नेपालमा युगौंदेखि शोषण, दमन र उत्पीडनको कुचक्र चलाई आफ्नो मोजमस्तीको निमित्त मनोमानी ढङ्गले सञ्चालन गर्दैआइरहेका ती राजारजौटाहरूको साम्राज्य(राज्यसत्ता) विरूद्ध आम जनतालाई राजनीतिक रूपले जागरूक बनाई, प्रजातन्त्रको लडाइँ लड्न कमर कसेर अग्रसर हुनुभएका हाम्रा अग्रज वीर सहिद महापुरुषहरूको अभिलाषामाथि दूराशयपूर्ण कुदृष्टि गाडी, आफ्नो निहित व्यक्तिगत स्वार्थअनुकूल हुने गरी विदेशी प्रभु विशेषतः भारतीय विस्तारवादको उपदेश, नीति र निर्देशनलाई नेपाल र नेपालीको मुक्ति र स्वतन्त्रताको नाउँमा आफू सत्तासीन हुन पुग्ने मार्गदर्शनको रूपमा आँखा चिम्लेर ग्रहण गर्दै, स्वाभिमानी, न्यायप्रेमी स्वतन्त्रकामी नेपालका नेपालीहरूको थाप्लोमा जबर्जस्त लाड्न ल्याइपुर्‍याएको संसदीय व्यवस्था विरूद्ध २०५२ फागुन १ गतेबाट क्रान्तिकारी धारको नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले अत्यन्तै दूरदर्शीपूर्ण नीति अपनाई नयाँ जनवादी क्रान्ति (दीर्घकालीन जनयुद्ध) सानदार रूपले उद्घोष गरी युद्ध मैदानमा उत्रेका थिए*

नेपाली काँग्रेसले जननेता भनेका वी.पी. कोइरालाले पनि यस्तो अदूरदर्शितापूर्ण कार्यबाट आफूलाई अलग राख्न सकेनन् । त्रिभुवनपछि उनका छोरा महेन्द्रले आफ्नो बाबु राजा त्रिभुवनले दिल्लीबाट धोषणा गरेको “नेपालमा अब संविधानसभाको चुनाव गराई निर्वाचित संविधानसभाबाट सरकार निर्माण गरी राज्य सञ्चालन गरिने छ” भन्ने घोषणालाई समेत लत्याइदिए । महत्वाकाङ्क्षी महेन्द्रले पुनः राज्यसत्ता आफ्नो कब्जामा लिए । ती संसदवादी नेताहरूलाई एकपछि अर्कोगर्दै पालैपालो गरी प्रधानमन्त्री बनाए पनि ।

शाहवंशीय तथा जहनियाँ राणा सरकारविरुद्ध स्वतन्त्रता र मुक्तिका लागि समयसापेक्ष ढङ्गले २०१४ सालमा नेपाल कम्युनिष्ट पार्टी र नेपाली काङ्ग्रेसबीच सम्युक्त मोर्चा निर्माण गरी देशव्यापी सत्याग्रहको माध्यमबाट सशक्त सङ्घर्ष छेडियो । महत्वाकाङ्क्षी राजा महेन्द्रलाई घुँडा टेकाई संसदीय चुनाव गराउन बाध्य पारियो । २०१५ सालमा पहिलो पटक भएको संसदिय चुनावमा नेपाली काङ्ग्रेसले बहुमत प्राप्त गरेपछि वी.पी. कोइरालाको अध्यक्षतामा संसदीय सरकार गठन भयो । तर, बहुमत प्राप्त काङ्ग्रेसीहरूको अदूरदर्शिताका कारण देश गम्भीर भड्कावमा गयो । २०१७ पौष १ मा प्रजातन्त्रको घाँटी निमोठेर राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गरे । प्रजातन्त्र अत्यन्तै छोटो समयाबधिमा समाप्त भयो । पञ्चायती कालरात्रीले सिर्जना गरेको त्रासदीपूर्ण स्थितिबाट देश र जनता गुज्रिन पुगे ।

कम्युनिष्ट पक्षधरहरूले आ-आफ्नो सोच र स्थिति अनुरूप आन्दोलन उठान गर्ने प्रयास गरे । माले समुहले २०२८ सालमा सिङ्गो नेपालमा राजनैतिक हलचल मच्चिने गरी झापाबाट सशस्त्र संघर्ष (वर्ग संघर्ष) को आह्वान गर्‍यो । तर केही समयको अन्तरालपछि त्यसै समुहका अधिकांशु व्यक्तित्वहरू आधुनिक सशोधनवादमा पतन हुन पुगे । खासमा भन्नु पर्दा यस्तो हुनु कुनै अनौठो र आश्चर्य मान्नु पर्ने कुरो होइन । यसले नेपालको कम्युनिष्ट अन्दोलनमा केही नकारात्मक असरत पार्‍यो नै । फेरि पनि देशमा कम्युनिष्टको प्रभाव विकसित हुनुमा कुनै रुकावत आएन र सुस्त सुस्त विकसित भइ नै रहे ।

यसरी देशमा २०१७ सालको घटना लगतै विदेश पलायन भई प्रवासमा जीवनयापन गर्दै आएका कांग्रेसीजनहरू २०३२, २०३३ सालतिर ‘राष्ट्रिय मेलमिलाप’को नारासँगै राजाको गर्द्धनमाथि मेरो गर्द्धन भन्दै स्वदेश फिरे । कम्युनिष्ट गतिविधिमाथि आँखा चिम्लेर खनिदै निर्दलीय पञ्चायती व्यवस्थालाई परोक्ष रूपले साथ दिन पुगे । तर, यसरी लामो समय वितिसक्दा पनि आफूले सोचे अनुरूप राजा र राजतन्त्रबाट सकारात्मक सहयोग र सदभाव जस्ता कुरा कुनै कतैबाट पनि आउनुको उल्टो आफूलाई आत्मसमर्पण गर्न राजनैतिक दबाव बढ्दै गएपछि त्यसबाट आजित भई अन्ततः २०४६ सालमा नाकको चालले वाम मोर्चासँग संयुक्त मोर्चा गठन भई जनआन्दोलनको उठान भयो ।

तर उत्कर्षतिर लम्किंदै गर्दा राजतन्त्रसँग धोकापूर्ण सम्झौतामा उत्रेर फेरि पनि देश र जनतालाई मारमा पारे । २०३७ को जनमत सङ्ग्रह तुहाउन सुधारिएको पञ्चायती व्यवस्था निकै नै चलाकीपूर्ण ढङ्गले ल्याए जस्तै गरी संवैधानिक राजतन्त्रात्मक बहुदलीय संसदीय व्यवस्था ल्याए । २०४८ सालमा गरेको आम-चुनावमा नेपाली कांग्रेसले बहुमत प्राप्त गरी गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्न पुगे ।

नेपालको राजनीतिमा कोइराला परिवार हाबी हुँदै गयो । नेपालको जलसम्प्रदा भारतलाई सुम्पिने कामको सुरुवात भयो । मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भएपछि कोशी बेचे । वि.पि. कोइरालाले गण्डकी र एमालेसम्म आउँदा महाकाली पनि भारतलाई सुम्पियो । त्यसपछि स्वाभिमानी, न्यायप्रेमी नेपाली जनता संसदीय व्यवस्थाविरुद्ध २०५२ फाल्गुण १ गतेबाट क्रान्तिकारी धार नेपाल कम्युनिष्ट पार्टी (माओवादी) निर्माण गरी जनयुद्धमा अघि बढे ।

देशको ८० प्रतिशत भूभाग माओवादीको मातहतमा आयो । राजतन्त्रात्मक संसदीय व्यवस्थाका जराहरू उखेलिए । तर माओवादी नेता प्रचण्ड एकपछि अर्को गर्दै भारतीय विस्तारवादको खेलौना बन्दै गए । दिल्ली दरवार पुगेर भारतीय विस्तारवादसामु ‘भारतलाई अहित हुने कुनै काम कुरो गर्ने छैनौं’ भनेर वर्गिय तथा राष्ट्रिय आत्मसमर्पण गरे । त्यसपछि पार्टी सुधारवाद तथा संसदवादको दिशातिर लगियो ।

२०६२ मा चुनवाङमा केन्द्रीय समितिको बैठकबाट पार्टी काठमाडौंतिर सोझियो । त्यतिखेर क्रान्तिकारी धारका क.मोहन वैध किरण र सीपी जुरेल लगाएत अन्य कतिपय नेता तथा कार्यकर्ताहरू आन्तरिक तथा बाह्य षड्यन्त्रको जालमा परी भारतीय कारागारमा अत्यन्तै कष्टकर जीवन यापन गर्दै थिए । पार्टीका अध्यक्ष प्रचण्ड जनयुद्धको लक्ष्य र उद्देश्य तथा जनताको जनवादी गणतन्त्रलाई रद्दीको टोकरीमा फालेर लोकतान्त्रिक गणतन्त्रको नीति पारित गरी भारतीय विस्तारवादको रोहवरमा सात संसदीय दलसँग “बृहत् शान्ति सम्झौता” गरी हतारमा सिंहदरवार पस्दै थिए ।

संविधान निर्माण पछि वर्तमान नेपालको राज्यसत्तामा दलाल नोकरशाहहरू लोकतान्त्रिक गणतन्त्र नाउँमा उही पुरानै संसदीय व्यवस्था चलाइरहेका छन् । देशलाई अर्धसामन्ति तथा नवऔपनिवेशिक अवस्थाबाट मुक्त गर्नुको साटो उल्टो 'चक्रमा हिँडिरहेका छन् । तर नेकपा (क्रान्तिकारी माओवादी) प्रथम राष्ट्रिय सम्मेलनबाट पारित ‘नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको कार्यदिशा’लाई आत्मासात् गरी जुझारु ढङ्गले कार्यक्षेत्रमा उत्रेको छ । छरिएर रहेका सम्पूर्ण क्रान्तिकारी कम्युनिष्ट, देशभक्त तथा वामपन्थीहरू सबलाई समय सापेक्ष ढङ्गले ध्रुवीकृत र एकताबद्ध पारी जुझारु ढङ्गले नयाँ जनवादी क्रान्तिको तयारीमा जुटेको छ । देशका तमाम् शोषित पीडित आमजनता आशावान हुँदै जुर्मुराउन थालेको आभाष मिलेको छ । यस सुखद अनुभुतिलाई क्रान्तिकारी कम्युनिष्टहरूले केही गरेर पनि गुम्न दिनुहुँदैन । यसका लागि हरहमेशा क्रान्तिकारी सचेतता अपनाइरहनु नितान्त जरुरी छ ।

*२०७५/१/१५*

*ताहाचल, काठमाडौं, नेपाल*

## नेपाह भाइरसप्रति नेपालको सतर्कता

काठमाडौं । सञ्चार माध्यमहरूमा नेपाह भाइरसको संभावित सङ्क्रमणप्रति नेपाल सरकार र यहाँका चिकित्सककहरू सतर्क नभएको समाचार व्यापक रूपमा प्रसारित भएपछि नेपाल सरकारको स्वास्थ्य विभागले मुख खालेको छ । संभावित नेपाह भाइरसको महामारीबाट नेपालीहरूलाई बचाउनका लागि नेपालमा अहिले यसको प्रारम्भिक सतर्कता अपनाइएको बताएको छ ।

भारतमा रोजगारीका लागि नेपालीहरूको आउजाउ बाक्लो नै हुने भएकाले यो भाइरस जहिले पनि र जोसँग पनि जुनसुकै बेला भित्रनसक्ने आशङ्का गरिएकाले यसको बारेमा सरकार र सम्बन्धित निकायले उच्च सतर्कता अपनाउन जरुरी छ ।

अर्कोतिर भारतीयहरूको पनि नेपालमा व्यापार, लगानी र फुटकर मालसामान किनबेचको मामला विगत कैयौं वर्षदेखि परम्परा झैं रहँदै आएको छ । त्यसमा पनि खुल्ला सीमानाका कारण यो रोक्न सकिने अवस्थामा छैन । सकिए पछि क्वारेन्टाइन मार्फत् नै हो । त्यो पनि नियमित देखिदैन । नेपालमा यसको उपचार नभए पनि उक्त भाइरस लागेको पाइएमा तुरन्त इण्डिया पठाउने प्रारम्भिक व्यवस्था मिलाइएको स्वास्थ्यकर्मीहरू बताउँछन् ।

भारतको मध्यप्रदेश केरलामा विगविगी मच्चाएको नेपाह भाइसले त्यहाँ दुई दर्जनभन्दा बढिको ज्यान लिइसकेको छ । विरामीको उपचारमा खटेकी एकजना नर्सको समेत् उक्त भाइसले ज्यान लिइसकेको छ । हाल संयौं विरामीहरू उक्त भाइरसको आक्रमणले हस्पिटल भर्ना भइरहेका छन् भने धेरैको अवस्था गम्भीर रहेको बताइएको छ । सुँगुर र विशेष गरी एकखालको चमेराको प्रजातिबाट मानिसमा सर्ने उक्त नेपाह भाइरस निकै साङ्घातिक रहने बताइएको छ ।

भाइरस लागेपछि सुरुमा ज्वरो आउने, ज्वरो बढ्दै जाने, विरामी बेहोस हुने जस्ता यसका लक्षणहरू देखिने उपचारमा संलग्न डाक्टर तथा नर्सहरूले बताएका छन् । भारतको केरलामा अरु प्रदेशहरूमा भन्दा राम्रो कमाइ हुने भन्दै हजारौं नेपालीहरू त्यहाँ काम तथा जागीरमा लागिरहेका छन् ।

## देजमोको संयुक्त वडा कार्यालय उद्घाटन

पोखरा । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल कास्की जिल्ला पोखरा लेखनाथ नगरपालिकाको वडा नं. २९, ३२ र ३३ को संयुक्त कार्यालय स्थापना गरिएको छ ।

बिहीबार आयोजित एक कार्यक्रमको बिच पोखराको बाघमारामा मोर्चाका केन्द्रीय सचिवालय सदस्य श्रीनाथ अधिकारीले मैनबत्ती बाली उक्त कार्यक्रमको उद्धाटन गर्नु भयो । कार्यलय उद्धाटन गर्दै नेता अधिकारीले देशमा विस्तारवादी हस्तक्षेप बढेर गएको अवस्थामा राष्ट्रियता, जनतन्त्र र जनतन्त्रको समस्याहरूको समाधानका लागि नयाँ जनवादी क्रान्ति अपरिहार्य रहेको कुरा बताउनु भयो ।

राजकुमार सुनारले अध्यक्षता गरेको र उर्मिला श्रेष्ठले सञ्चालन गरेका उक्त कार्यक्रममा क्रान्तिकारी माओवादीका कास्की जिल्ला इन्चार्ज अरुण, देजमोका जिल्ला सचिवालय सदस्य भोजराज त्रिपाठी, अनेमसंघ (क्रान्तिकारी)की के.स. कल्पना थापा, सुकुम्बासी मोर्चाका जिल्ला संयोजक बाबुराम मिजार लगायतका नेताहरूले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कलाकार दिपा रसाईलीले क्रान्तिकारी गीत प्रस्तुत गरेको उक्त कार्यक्रममा चैनपुर बाघमारा वन संरक्षण संघर्ष समितिले माफियाबाट वन जोगाउन र गरिएको दर्ता खारेज गराउने कार्यमा सहयोग गर्न भनि प्रेस विज्ञप्ति वितरण गरिएको थियो । कार्यक्रममा स्वागत मन्तव्य प्रेमराज मह्राङ्गीले राख्नुभएको थियो ।

## अनेमसंघ (क्रान्तिकारी)को वडा कमिटी गठन

पोखरा । पोखरा लेखनाथ महानगरपालिकाको वडा नं. ३३ मा अनेमसंघ (क्रान्तिकारी)को वडा कमिटि गठन गरिएको छ । बिहीबार भएको एक भेलाले पार्वती बडुवालको अध्यक्षतामा दुई सदस्यीय पछि थप्ने गरी १३ सदस्यीय वडा कमिटि गठन गरिएको हो ।

भेलाले उक्त कमिटिको सचिवमा माया सुनार, कोषाध्यक्षमा सुभद्रा सुवेदी र सदस्यहरूमा सुनसरी बुढामगर, चन्द्रकला थापा, सेती परियार, कम्स्योङ गुरुङ, आस्मी गुरुङ, मनीमाया मगर, सुकमाया रानामगर, सन्तु नेपालीलाई चयन गरेको छ । भेला अनेमसंघ (क्रान्तिकारी) कास्की जिल्लाको अध्यक्ष उर्मिला श्रीसको विशेष आतिथ्यतामा भएको थियो ।

## महँगो भयो गोरेको आत्मसमर्पण : संरचना फेर्न सजिलो कि गृहमन्त्री ?

काठमाडौं । सुन तस्करीका नाइके भनी गिरफ्तार गरिएका चूडामणि उप्रेती ‘गोरे’ ले आफू तस्करी गरिएको सुन व्यवस्थापक, त्यो पनि तल्लोतहको, भएको बताएपछि तस्करीका नाइके तथा वर्तमान राज्यसत्ताका चक्रवर्तीहरू निकै अत्तालिन पुगेका छन् । सरकार र सिंगो प्रहरी संयन्त्रलाई गोरेको जीवित उपस्थिति ‘नखाउँ भने दिनभरिको सिकार, खाउँभने कान्छा बाबुको अनुहार’ भएको छ । वर्तमान ओली सरकारभित्र मन्त्रीको जिम्मेवारी हेरफेर गरिने हल्ला चल्न थालेको एक उच्च स्रोतले बताएको छ ।

३३ किलो सुन र सनम हत्याकाण्डको खोजी गर्न छानबिन आयोग बनाइनु स्वयम् उनीहरूका लागि गलपासो साबित भएको छ । ‘मियाँ की जुती मियाँ की शर पर’ भने झैं गोरेलाई पछ्याउँदै जाँदा राज्यका हर्ताकर्ताहरू नै फन्दामा पर्दै जान थालेका छन् । प्रमुख तस्कर र मालिकहरूको नाम ‘लहरो तान्दा पहरो गर्जने’ प्रक्रियासँगै खुलस्त हुँदै आउन थालेको छ भने सहयोग गरेबापत् केवल सहयोग रासी हात थापी खानेहरू देशको शान्तिसुरक्षाको जिम्मा लिएको संस्था नेपाल प्रहरीको मुख्यालयहरूबाट फुत्तफुत्त बाहिर आउन थालेका छन् ।

सुडानको डार्फरमा शान्ति मिसनका लागि गएको बखत भएको भ्रष्टाचारले नेपाल पुलिस जति गन्हाएको थियो, त्यो भन्दा पनि बढि अहिले गन्हाउन पुगेको छ । जनतालाई सिंगो प्रहरी संयन्त्र नै तस्करीको अखडा जस्तो महसुस गराएको छ ।

# साँस्कृतिक क्रान्ति र देङ स्याओपिङ

> “
> १९७८ पछिको अवधिमा पनि जीमोका तिव्र आर्थिक बृद्धि कायमै रह्यो । बजार सुधार- र प्रोत्सानको आधारमा ल्याइएको परिवर्तन र आर्थिक लचकताले समेत-निसन्देहनै उक्त आर्थिक बृद्धिमा केही भूमिका अवश्य खेलेको छ । पूँजीलाई आकर्षित गर्ने र बजार पाउने भौगोलिक अनुकुलता भएको विशेषत जीमो जस्ता ठाउँमा यस्तो कुराको गुञ्जायस रहन्छ तर बजार सुधार नै सबैथोक हो भनेर गरको सरकारी दाबी माथि भने शंका गर्ने धेरै ठाउँ छ । साँस्कृतिक क्रान्तिको दशकतीव्र आर्थिक बृद्धिलाई सम्भव तुल्याउने शैक्षिक प्रगति, भौतिक पूर्वाधारको विकास र प्रचुर ग्रामीण उद्योगधन्दाको असर अविछिन्न रहने कुरा स्पष्टै छ । आर्थिक प्रगतिको सुरूवात सहकारीको जमानामा भएको कुरा पक्का भइसकेपछि बजार सुधारवादीहरूको दाबीलाई पनि हामीले त्यसै परिप्रेक्ष्यमा हेर्नुपर्दछ ।
> ”

● डोङपिङ हान

१९७८ मा देङ स्याओपेङ सत्तामा पुगेर गरिएको बजार सुधारको परिणाम ग्रामीण चीनको तीव्रतर आर्थिक विकास भएको हो भन्ने चीनियाँ सरकारको आधिकारिक धारणा छ । यसमा भनिएको छ- साँस्कृतिक क्रान्तिले निम्त्याएको एक दशक लामो आर्थिक विपत्तीबाट देङको सुधारले ग्रामीण जनसंख्यासमेत पूरै चीनलाई जोगायो । थप भनिएको छ- सामुहिक अर्थतन्त्र माथिको बढी जोड, पार्टी अधिकारी र बुद्धिजीवीहरूलाई सास्ती दिने प्रतिशोधपूर्ण राजनीतिक अभियान, शैक्षिक गुणस्तर र संस्थानप्रतिको घृणाभाव र समानतावादी लक्ष्यको अन्तिम महत्वाकांक्षी खोजीजस्ता कारणले त्यस विपत्तीलाई निम्त्यायो । जीमो काउन्टीको इतिहास माथि गरिएको यस अनुसन्धानले उक्त सरकारी धारणालाई खण्डन गरेको छ । मेरो अनुसन्धानले के देखाएको छ भने बजार सुधारबाट नभइ साँस्कृतिक क्रान्तिको दशकबाट नै जीमोको ग्रामीण अर्थतन्त्रले गति पक्डेको थियो । त्यसैबेला कृषि उत्पादन दोब्बरभन्दा बढीले वृद्धि भएको थियो र ग्रामीण उद्योगधन्दाको सञ्जाल निर्माण भएको थियो । यसले दशवर्ष भन्दा कमै समयमा काउन्टीको ग्रामीण अर्थतन्त्रलाई आधारभूत रूपमा बदलेको थियो ।

जीमोको कथा एक्लो होइन । १९६६ देखि १९७६ बीचको अवधिमा अधिकांश ग्रामीण चीनमा महत्वपूर्ण आर्थिक विकास भएको थियो । ग्रामीण उत्पादनको तथ्यांकले एउटा दर्शकलाई सरकारी धारणा प्रति शंका उब्जाउन सक्दछ, तर पनि अझ ऊ साँस्कृतिक क्रान्तिलाई भने आर्थिक विकासको वाधकको रूपमा हेरिराखेको हुन्छ । साँस्कृतिक क्रान्ति बिनै पनि ग्रामीण अर्थतन्त्रले विकास गर्न सक्दथ्यो भन्ने कसैलाई लागेको हुनसक्दछ । सम्भवत साँस्कृतिक क्रान्तिको हुँडलोको ग्रामीण इलाकामा खासै धेरै असर थिएन । यस अध्ययनको निष्कर्ष ठीक उल्टो छ- साँस्कृतिक क्रान्तिमार्फत प्राप्त राजनीतिक र साँस्कृतिक परिवर्तनले ग्रामीण इलाकाको आर्थिक विकासलाई सहज बनाएको थियो । साँस्कृतिक क्रान्तिले राजनीतिक संस्कृतिमा परिवर्तन ल्याएको थियो । सर्वसाधारण गाउँलेहरू पार्टी अधिकारीहरू माथि औंला ठड्याउन सक्दथे, एउटा सामूहिक कार्यको नैतिक जग खडा भएको थियो जसअन्तर्गत पार्टी नेताहरू शारीरिक श्रममा अनिवार्य भाग लिने गर्दथे र आर्थिक निर्णयको तहमा स्थानीय पहलकदमी र गाउँलेहरूको सहभागिताले प्राथमिकता पाएको थियो ।

अधिकांश ग्रामीण केटाकेटीले पढ्न नपाउने र ग्रामीण इलाकाबाट दक्ष जनशक्ति पलायन गराउने अभिजात वर्गीय शिक्षा प्रणालीमा पनि साँस्कृतिक क्रान्तिले सुधार ल्याएको थियो । साँस्कृतिक क्रान्तिको दशक तीव्र गतिमा भएको ग्रामीण विद्यालयको स्थापनाले सम्पूर्ण ग्रामीण केटाकेटीलाई पढ्न र लेख्न सिक्ने अवसर प्रदान गर्नुका साथै आर्थिक विकासलाई टेवा पुग्ने कृषि र औद्योगीक सीपको व्यावहारिक ज्ञानसमेत प्रदान गरेका थियो ।

१९७८ पछिको अवधिमा पनि जीमोका तीव्र आर्थिक वृद्धि कायमै रह्यो । बजार सुधार- र प्रोत्साहनको आधारमा ल्याइएको परिवर्तन र आर्थिक लचकताले समेत निःसन्देह नै उक्त आर्थिक वृद्धिमा केही भूमिका अवश्य खेलेको छ । पुँजीलाई आकर्षित गर्ने र बजार पाउने भौगोलिक अनुकूलता भएको विशेषत जीमोजस्ता ठाउँमा यस्तो कुराको गुञ्जायस रहन्छ तर बजार सुधार नै सबैथोक हो भनेर गरेको सरकारी दाबीमाथि भने शंका गर्ने धेरै ठाउँ छ । साँस्कृतिक क्रान्तिको दशक तीव्र आर्थिक वृद्धिलाई सम्भव तुल्याउने शैक्षिक प्रगति, भौतिक पूर्वाधारको विकास र प्रचुर ग्रामीण उद्योगधन्दाको असर अविछिन्न रहने कुरा स्पष्टै छ । आर्थिक प्रगतिको सुरुवात सहकारीको जमानामा भएको कुरा पक्का भइसकेपछि बजार सुधारवादीहरूको दाबीलाई पनि हामीले त्यसै परिप्रेक्ष्यमा हेर्नुपर्दछ ।

बजार अर्थतन्त्र असाधरण किसिमले गतिवान हुनसक्छ । बजार सुधारको दशकहरूमा जीमोको अर्थतन्त्रमा देखिएको अविछिन्न तीव्र वृद्धिले आधुनिक युगको यस सत्यतालाई थप पुष्टि गर्दछ । तथापी, यन्त्रीकरणको खस्कदो अवस्था र सामूहिक ढंगबाट विकास गरिएको सिँचाई प्रणालीलाई कामयाबी बनाउने कठिनाइले बढ्दो रूपमा बजारद्वारा संगठित सानो आकारको कृषि प्रणाली मार्फत हुने कृषकीय विकासको दिगोपनमाथि प्रश्न उठाएको छ । समूहको विघटन पछि स्वास्थ्य सेवा र शिक्षाको पहुँचमा देखिएको कठिनाइको अवस्था झनै बढी समस्याग्रस्त रहेको छ । विशेष गरी ग्रामीण शिक्षा प्रणालीको तीव्र संकुचन विकासका लागि एउटा गम्भीर दीर्घकालीन अवरोध बनेर खडा हुनेछ ।

साँस्कृतिक क्रान्तिको दशकको जीमोको अनुभवलले के देखाउँछ भने सामूहिक अर्थतन्त्र पनि गतिवान हुनसक्दछ र त्यसले तीव्र आर्थिक विकास हासिल गर्नसक्दछ । कृषिको आधुनिकीकरणलाई सम्भव तुल्याउने तत्वहरू-सिँचाई, यन्त्रीकरण, कृषि प्रयोग र रासायनिक मल आदिको विकास सामूहिक संगठनले केन्द्रित गरेको स्रोतमार्फत भएको थियो । सामुहिक संगठनले ग्रामीण उद्योगको प्रारम्भिक जगपनि निर्माण गरेको थियो । फिलीप हुवाङको भाषामा ग्रामीण चीनको कृषि जटिलतातर्फको दीर्घकालीन झुकाउलाई साँचो अर्थमा तोडेर सही आर्थिक विकासको सुरुवात पनि सहकारीको जमानामै भएको थियो । साँस्कृतिक क्रान्तिको दशक आर्थिक विकासले महत्वपूर्ण मोड लिएको थियो ।

बजार अर्थतन्त्रमा जस्तै सामूहिक अर्थतन्त्रका पनि आन्तरिक अन्तर्विरोधहरू हुन्छन् । सहकारीको जमानामा चीनमा ती सबै अन्तर्विरोधहरू सतहमा देखिएका थिए । प्रोत्साहनको अस्पष्ट आधार र लचकताको अभावले गम्भीर आर्थिक समस्या जन्माएको थियो । यस अध्ययनले विशेषगरी राजनीतिक र साँस्कृतिक समस्यामाथि जोड दिएको छ । मेरो एउटा महत्वपूर्ण तर्क के हो भने सर्वसाधारण विसान र मजदुरलाई शक्तिशाली बनाउने एउटा प्रजातान्त्रिक राजनीतिक साँस्कृतिक र संस्थाको अभावमा सामूहिक अर्थतन्त्रले राम्रो काम गर्न सक्दैन । चीनमा जमिन र उत्पादनका अन्य साधनको स्वामित्वलाई परिवर्तन गर्न चिनियाँ कम्युनिष्ट पार्टी केही वर्षमै सक्षम देखियो । तर राजनीतिक संस्कृतिमा परिवर्तन ल्याउने काम उनीहरूका लागि ज्यादा चुनौतीपूर्ण र कठिन साबित भयो ।

साँस्कृतिक क्रान्ति समस्यालाई सम्बोधन गर्ने एउटा प्रयास थियो । जनताको सामाजिक चेतनामा परिवर्तन ल्याउने लक्ष्य बोकेको यो एउटा सघन र व्यापकस्तरको सामाजिक क्रान्ति थियो । इतिहासमा यसको समानान्तर पाउन गाह्रो छ । समूहभित्रैका तानाशाही राजनीतिक अधिकारीमाथि धावा बोलेर यसले सामूहिक संगठनलाई माथि उठाउने प्रयत्न गरेको थियो । गाउँलेहरूले व्यापक प्रयोग गरेको ठूला अक्षरका पोष्टर गाउँले र गाउँका नेताबीचको एउटा महत्वपूर्ण राजनीतिक सञ्चार साधन बनेको थियो । सार्वजनिक महत्वका विषयलाई कार्यसूचीमा प्रस्तुत गर्न जनसंघ, सार्वजनिक बहस र जभेलाहरूले एउटा महत्वपूर्ण सार्वजनिक मञ्चको काम गरेका थिए । सबैभन्दा महत्वपूर्ण त, ग्रामीण इलाकाको राजनीतिक संस्कृतिमा आधारभूत परिवर्तन आएको थियो । पहिलेजस्तो किसानहरूले काँटर र दब्बु व्यवहार देखाउँदैनथे । गाउँका नेताहरूलाई निरन्तर सही गोरेटोमा हिंडाउन सक्ने गरी साँस्कृतिक क्रान्तिले तिनीहरूलाई पूर्ण शक्तिशाली बनाएको थियो ।

साँस्कृतिक क्रान्तिद्वारा मजबुत बनेका सामूहिक संस्थानहरूले ग्रामीण जीवनमा निकै भिन्न उत्साहको सञ्चार गराएका थिए । गाउँका नेताहरूमा व्याप्त भ्रष्टाचार निकै घटेको थियो । गाउँ, कम्युन र काउन्टीका नेताहरूले नियमितजसो किसानहरूसँगै खेतमा काम गर्नु पर्दथ्यो । साँस्कृतिक क्रान्तिको अन्तसम्ममा नेता र सर्वसाधारण जनता त्यस्तो काममा अभ्यस्त भइसकेका थिए । यस्तो अभ्यासले त्यसबेला जनतमा हौसला पैदा गरेको थियो । साँस्कृतिक क्रान्तिको अन्त्यसम्म आइपुग्दा भ्रष्टाचार, वेश्यावृत्ति, लागुपदार्थको दुर्व्यसनी, नक्कली सामानको उत्पादन र आजको चिनियाँ समाजलाई पिरोल्ने अन्य विविध सामाजिक दुर्गुणहरू पूर्णत समाप्त भएका थिए ।

सबैभन्दा महत्वपूर्ण त साँस्कृतिक क्रान्तिले किसान र मजदुरबाट शिक्षित अभिजात वर्गलाई छुट्याउने पुरानो शैक्षिक दर्शनलाई निन्दा गरेको थियो । एकमात्र किताबी शिक्षाको विरोध गरिएको थियो । शैक्षिक सुधारका बेला शिक्षाको दायरालाई निकै फराकिलो पारिएको थियो । उत्पादनशील श्रम र थुप्रै अन्य सम्बन्धित गतिविधिलाई शिक्षाको दायराभित्र अटाइएको थियो । कक्षा कोठाभित्र किताब पढ्ने कुरामा मात्र शिक्षालाई सीमित गरिएको थिएन । सिक्ने कुरा कारखानाभित्र, खेतमा र अरु थुप्रै ठाउँमा हुनसक्दथ्यो । ज्ञानको एकाधिकार शिक्षकमा मात्र केन्द्रित हुन्छ भन्ने ठानिदैनथ्यो । मजदुर, किसान र सिपाहरूले पनि आफ्नो अनुभवजन्य ज्ञान विद्यार्थीलाई दिन सक्दथे । वास्तवमा, विद्यार्थीहरूले पनि शिक्षकहरूले समेत नजानेको केही कुरा जानेका हुन सक्दछन् । साँस्कृतिक क्रान्तिले ग्रामीणा इलाकामा कक्षा कोठामा हुने शिक्षकको एकाधिकार र निरंकुशताको पनि निन्दा गरेको थियो । विद्यार्थीलाई प्रेमभावले हेर्न शिक्षकलाई र शिक्षकलाई आदरपूर्वक हेर्न विद्यार्थीलाई प्रोत्साहन गर्दै यसले शिक्षक र विद्यार्थीलाई ज्यादा समानताको आधारमा उभ्याउन कोसिस गरेको थियो । तर पुरानो चलनको अन्त्य हुन कति साह्रो हुँदो रहेछ भन्ने कुरा मेरो अध्ययनका क्रममा मलाई महसुस भएको थियो ।

देङ स्याओपेङ सत्तामा फर्कने बित्तिकै उसले साँस्कृतिक क्रान्तिको निन्दा गऱ्यो र यसका सम्पूर्ण उपलब्धिहरूलाई उल्ट्यायो । देङ आफूले चाहेको गर्न सक्दथ्यो । तर अझ महत्वपूर्ण कुरा त साँस्कृतिक क्रान्तिका बेला दबाइएका परम्परागत दर्शन र चालचलनको दृढाग्रह र पुरानो परिपाटी र सोचको पुनर्स्थापनाबाट लाभान्वित हुने मान्छेहरूको पनि उसलाई समर्थन प्राप्त थियो ।

देङ स्याओपेङले सबैभन्दा पहिले सिडा (ठूला अक्षरका पोष्टर, महान बहस, महान् विचारको अभिव्यक्ति र महान् राजनीतिक स्वतन्त्रता) माथि प्रतिबन्ध लाएको थियो । उसले आगामी दिनमा राजनीतिक अभियान नचलाउने समेत घोषणा गरेको थियो । यसले अधिकारीहरूलाई भ्रष्टाचार गरे पनि जनताबाट हैरानी व्यहोर्नु नपर्ने ग्यारेन्टी प्रदान गर्दथ्यो । थुप्रै अधिकारीहरू छिट्टै आफ्नो सी गुओ की झुफेइ (भएका बेला आफ्नो शक्तिको प्रयोग गर । एकचोटि आफ्ना हातबाट गुमिसकेपछि त्यसलाई तिमी प्रयोग गर्न सक्दैनौं ।)

साँस्कृतिक क्रान्तिका वर्षहरूमा सरकारी अधिकारीहरू किसान र मजदुरसँगै काम गर्दथे र आफ्ना छोराछोरीलाई किसान र मजदुरसँगै काम गर्न पठाउँथे सबैले यसलाई सामान्य रूपमा लिन्थे । राजनीतिक मौसममा परिवर्तन आउने बित्तिकै अधिकारीहरू किसानहरूसँग काम गर्न छाडे र आफ्नो परिवारको मात्रै ख्याल गर्न थाले । उनीहरूले आफ्ना छोराछोरीका लागि महत्वपूर्ण स्थानहरूमा जागिर खोजिदिए । देङको सुधारपछि यही बिन्दूबाट चीनमा सरकारी भ्रष्टाचारको सुरुआत भएको थियो ।

देङले पुरानो शैक्षिक दर्शनलाई ब्युतायो । साँस्कृतिक क्रान्तिका बेला गरिएको शैक्षिक सुधारलाई रातारात नामेट पारियो । पुरानो शैक्षिक दर्शन अभ्यासका पक्षधर अभिजात वर्गका मान्छेहरूको उसलाई समर्थन थियो । थुप्रै शिक्षकहरूले साँस्कृतिक क्रान्तिका बेला आफूहरूमाथि दुर्व्यवहार भएको महसुस गर्न थाले । वास्तवमा, शिक्षक र तिनीहरूका थुप्रै विद्यार्थीहरूका साथमा समाजका कम शिक्षित मान्छेहरू बीचको दुरीलाई घटाइएको थियो । राम्रो शिक्षाले एउटा सरकारी जीवनका लागि बाटो खोलिदिनुपर्छ र अध्ययन सबैभन्दा माथि हुन्छ भन्ने कन्फ्युसियसको विचार पुनर्जीवित भएको थियो । शिक्षालाई समाजसँग जोडिनुपर्छ भन्ने विचार थुप्रै पुराना बुद्धिजीवीहरूलाई मन परेको थिएन । थुप्रै किसान र मजदुरहरूले पनि शिक्षामार्फत् आफ्ना छोराछोरीहरू एकदिन अभिजात वर्गको सदस्य बन्न सक्दछन् भन्ने आशा पालेका हुन्थे । यसैकारण, साँस्कृतिक क्रान्तिको शैक्षिक सुधारमाथि देङले गरेको आक्रमणको प्रारम्भमा त्यस्ता मान्छेहरूबीच सकारात्मक प्रभाव परेको थियो ।

(वस्तुको सत्यनिष्ठ विश्लेषणका लागि व्यक्तिगत धरातलबाटट र अझ राजनीतिक, आर्थिक र साँस्कृतिक धरातलबाट माथि उठेको दृष्टिकोणको खाँचो पर्दछ । चीनियाँ साँस्कृतिक क्रान्तिमा प्रस्तावक र विरोधीले अगाडि सारेका नीतिहरूको यस पुस्तकले यही दृष्टिकोणका आधारमा चिरफार गर्ने प्रयत्न गरेको छ ।

साँस्कृतिक क्रान्तिमाथिको चीनियाँ सरकारको आधिकारिक मूल्यांकनले हालै विश्वमा निकै चल्तीमा रहेको विकासका लागि गरिने प्रयत्न र सामाजिक समानताका लागि गरिने प्रयत्न परस्परविरोधी छ भन्ने विचारलाई पक्षपोषण गरेको छ । सामाजिक समानताका लागि गरिने प्रयत्नबाट त्रसित मान्छेहरूका लागि यस्तो विचार ज्यादा सुविधाजनक हुनाले पनि चीनमा र विश्वस्तरमै यस विचारको चाखलाग्दो चलनचल्ती देखापरेको हो । जीमो काउन्टीको इतिहासको यस अध्ययनले यस्तो विचारलाई चुनौती दिएको छ । साँस्कृतिक क्रान्तिको दशक र त्यसपछि बजार सुधारका दुई दशक जीमो दुई भिन्नाभिन्नै बाटो हिंडेको छ । ती दुवै बाटोबाट ग्रामीण विकासमा जीमोले श्रेष्ठता हासिल गरेको छ । ती दुई बाटा बीचको भिन्नता विकास र निस्क्रियताबीचको भिन्नता नभएर दुई फरकखाले विकास बीचको भिन्नता हो । सांस्कृकिक क्रान्तिको दशकको जीमो काउन्टीको अनुभवबाट पाठकहरूले के मुख्य निष्कर्ष निकालछन् भन्ने म आशा गर्दछु भने समाजको तल्लो तप्काका जनतालाई शक्तिशाली बनाउने र उनीहरूलाई शिक्षित पार्ने कुराले आर्थिक विकासको लक्ष्यलाई पनि सघाउ पुऱ्याउँछ । सामाजिक समानताको खोजी र आर्थिक विकासको खोजीका बीच छनौट गर्नुपर्ने आवश्यकता छैन । सामाजिक समानताको खोज ीगर्ने या नगर्नेका बीच भने छनौट हुन सक्दछ ।



# आमूल परिवर्तन र मुक्तिप्रति सधैं निष्ठावान बनौं : कृष्णसेन इच्छुक

*(साहित्यिक त्रैमासिक कलमले ०५७ माघ १ गते कृष्णसेन इच्छुकसँग लिएको अन्तर्वार्तालाई 'इच्छुक स्मृति दिवस'को सन्दर्भ पारेर सहितियक स्तम्भमा प्रस्तुत गरेका छौं । उहाँलाई जनताको कुशल योद्धा, प्रखर कवि, साहित्यकार र सम्पादकको रूपमा देश र जनता, क्रान्ति र परिवर्तनको पक्षमा कलम चलाएकै कारण ०५९ जेठ ६ गते पुनः गिरफ्तार गरी तत्कालीन शासकले बर्बर यातनाकाबीच ०५९ जेठ १३ गते हिरासतमा नै कुटीकुटी हत्या गरे । इच्छुक नेपाली श्रमजीवि, शोषित-उत्पीडित वर्गका एक अमूल्य निधि हुनुहुन्छ । उहाँ नेपालका नयाँ जनवादी क्रान्तिका एक प्रेरणादायी अजर अमर महान सहिद हुनुहुन्छ ।- उहाँका ओजपूर्ण र उर्जाशिल विचारहरूलाई यहाँ प्रस्तुत गरेका छौं ।- सं.)*

**अनिश्चितकालीन जेल-जीवन कसरी बिताइरहनुभएको छ ?**
मैले जेल जीवनलाई मेरो जीवनको एउटा महत्वपूर्ण घटना र अनुभुतिको रूपमा लिएको छु । पञ्चायती कालमा पनि सामान्य रूपबाट विद्यार्थीका हक-हित र अधिकारको निमित्त सङ्गठित हुँदाहुँदै मैले पाँच-छ वर्षसम्म दाङमा बन्दी जीवन बिताउनु परेको थियो । अहिले कानुनीराज, प्रजातन्त्र र मानवअधिकारको वकालत गर्दै नागरिक सुरक्षाको ग्यारेण्टी गर्ने भनिएको बहुदलीय व्यवस्थामा पनि पुनः झुट्टा मुद्दामा फसाएर विगत दुई वर्षयता बन्दी जीवन बिताउँदै आएको छु, यो बन्दी जीवनको समयलाई सकेसम्म रचनात्मक र सार्थक बनाउनका निम्ति लेखन, अध्ययन र चिन्तनमननतिर लगाइरहेको छु ।

**जेल जीवनको क्रममा तपाईले लेख्नुभएको 'बन्दी र चन्द्रगिरि' विशेष चर्चाको विषय बन्दा तपाईलाई कस्तो लागेको छ ?**
जेलको समयलाई बढीभन्दा बढी सदुपयोग गर्ने सिलसिलामा नै बन्दी र चन्द्रगिरि काव्यको रचना गरेको थिए । उक्त काव्य प्रकाशित भए पछि साहित्यिक मित्र तथा पाठकहरूले त्यसलाई निकै माया गर्नुभएको पाएँ । बन्दी अवस्थामा सिर्जित काव्य भएकाले अघिल्ला रचनाहरूभन्दा यो बढी चर्चित भएको होला । आफ्नो कृति चर्चा परिचर्चामा आउँदा आफूलाई खुसी लाग्नु स्वभाविक नै हो ।

**यस काव्यलाई कतिपय समालोचकहरूले यस देशकै उत्कृष्ट काव्य भनेकोमा नि ?**
एउटा स्रष्टाले आफ्ना रचनाहरू सिर्जना गर्दा सबै लोकप्रिय र महत्वपूर्ण बनून्, तिनले साहित्यिक तथा वैचारिक आन्दोलनमा योगदान पुऱ्याउन भन्ने चाहना राखेको चन्द्रागिरि साहित्यिक दृष्टिले सुन्दर र सफल बनोस्, कलात्मक बनोस् तथा वैचारिक दृष्टिले समकालीन यथार्थ र समयको प्रतिनिधि रचना बनोस् भन्नेसम्मको मेरो कामना थियो । यो यस किसिमको बन्यो कि बनेन भन्ने कुराको मूल्याङ्कन गर्ने त समालोचक र पाठकहरूको नै हो नि त ।

**कसको प्रेरणाले साहित्यतर्फ तपाईलाई उन्मुख गरायो ?**
मलाई सबभन्दा पहिले साहित्यमा प्रेरित गर्ने कुनै व्यक्ति विशेष नभएर म पढ्ने देउखुरीको लालामटिया स्कुलको साहित्यिक वातावरण र मलाई पढाउने शिक्षकहरू नै मेरा प्रेरणाका स्रोत हुनुहुन्छ । जहाँसम्म व्यक्ति विशेषको कुरो छ, मलाई सचेत रूपले साहित्यमा लाग्न, अघि बढ्न मेरा रचनाहरू प्रकाशित गरेर प्रगतिशील साहित्यिक फाँटमा मलाई उभिन लगाउने व्यक्तिको कुरो छ, नाममा लिनु पर्दा म नारायणप्रसाद शर्माको नाम लिन्छु, जसलाई हामी नारायण गुरु पनि भन्ने गर्दछौं । उहाँबाट नै म व्यक्तिगत रूपमा मेरो साहित्यिक यात्रामा प्रभावित र अभिप्रेरित हुन पुगेको छु ।


**कहिलेदेखि कविता लेख्न आरम्भ गर्नुभयो ?**
कवितामा सानै देखि रुची थियो । उमेरका दृष्टिले पन्ध्र-सोह्र वर्षको उमेरदेखि नै मैले कविता लेख्न आरम्भ गरेको हुँ । यस क्रममा २०३२ सालतिर काठमाडौंबाट प्रकाशित हुने मातृभूमि साप्ताहिकमा मेरो पहिलो कविता 'भोलिप्रति' प्रकाशित भएको हो । खासगरी ०३५ ०३६ सालको आन्दोलनपछि कविता लेखनमा म बढी सचेत र सक्रिय भई लाग्न थालें । त्यसपछि म क्रमिक रूपमा लेखिरहेको छु ।

**तपाई गद्य कविताको स्रष्टा हुनुहुन्छ । तर तपाईको कविता पढ्दा पद्य कविताको झैं किन बोध हुन्छ ?**
मेरा कविता गद्य कविता हुन् । म गद्य कवितामा पनि पद्यको लयात्मकता दिन चाहन्छु । लयात्मकता, सङ्गीतात्मकता तथा अनुप्राशयुक्त गीतिमयता दिएर पाठकमा एक किसिमको पद्यात्मक बोध गराई सम्प्रेषणका पक्षमा जोड दिन चाहन्छु । लय कविताको एउटा विशिष्ट तत्व हो । यसको अभावमा कविता कविता बन्न सक्तैन । कवितालाई सामान्य गद्यबाट छुट्याउने र त्यसलाई सपाटपनबाट जोगाउने प्रमुख तत्व नै लयचेतना हो । म लयचेतनाप्रति एकदमै सचेत छु । त्यसैले मेरा कविता गद्यात्मक हुँदाहुँदै पनि पद्यमय बोध हुन्छन् होला ।

**कविता विधाबाहेक अन्य विधामा कलम चलाउनुभएको छ कि छैन ?**
साहित्यका विविध विधाहरूमध्ये मलाई बढी प्रिय लाग्ने विधा कविता नै भएकाले सुरुदेखि म कविता लेखनतर्फ बढी क्रियाशील भएको हुँ । सुरुसुरुमा फुटकर कथा तथा निबन्धहरू पनि लेखें तर मेरा निरन्तरता र साधना बढीभन्दा कविता विधामै रह्यो ।

**अहिले यतिखेर के लेख्नमा व्यस्त रहनुभएको छ ?**
यतिखेर म फुटकर कविता लेखनमा बढी लागेको छु । तराईको जेलमा बस्न थालेपछि यहाँको आञ्चलिक जीवन तथा साँस्कृतिक परिवेशसित नजिकिदै प्राप्त अनुभुतिलाई कवितात्मक रूप दिन म क्रियाशील छु । त्यसैले हालसम्म मेरा कविताहरू यसै पक्षसँग सम्बद्ध छन् । साथै जेलभित्रका अनुभवहरूलाई म बाह्य जीवनसँग तादाम्य सामाजीकृत तथा सामान्यीकृत गरिरहेको छु । दिनप्रतिदिन ऊर्ध्वगामी बन्दै गएको जनताको मुक्तियुद्धको प्रभावलाई पनि म आफ्ना कवितामार्फत अभिव्यक्त गरिरहेको छु । यस्तै सेरोफेरो र परिवेशमा लेखिएका मेरा फुटकर कविताहरूको सङ्कलन नयाँ वर्षमा प्रकाशित गर्ने मेरो सोचाइ रहेको छ ।

**जेल जीवन भोग्दा तराईको र काठमाडौंको जेलबीच के फरक पाउनुभयो ?**



काठमाडौं र तराईका जेलहरूमा बसाइका दृष्टिले त्यस्तो खासै भिन्नता बोध भएको छैन । जेल आखिर जहाँको भए पनि जेल नै हो । जेलका अनुभुति जहाँ पनि उस्तै हुन्छन् । ठाउँअनुसार जेल र जेलका मान्छेहरूको स्थिति फरक-फरक भए पनि अनुभुतिमा भने खासै फरक हुन्न । समष्टिमा भन्दा जेलका अनुभुतिहरू, पीडा र संवेदनाहरू अनि भोगाइहरूमा खास भिन्नता हुन्नन् ।

**जेलभित्रैबाट एम.ए. को तयारी गर्दै हुनुहुन्थ्यो नि ?**
जेलबाटै पाँच दिनको लागि फर्म भरेको थिएँ । पञ्चायतकालमा पनि बन्दीहरूले निर्बाध रूपमा जाँच दिन पाउँथे । अनि मैले झन् यो प्रजातान्त्रिक भनिने व्यवस्थामा त पाऊँला नै भन्ने लागेको थियो । तर वर्तमान कांग्रेसी सरकार म प्रति अत्यन्तै पूर्वाग्रही बनेर जाँच दिन पाउने सामान्य अधिकारबाट मलाई बञ्चित गरायो । मैले बन्दीहरूले पाउनुपर्ने नैसर्गिक अधिकारका लागि तीन दिनसम्म मुखमा कालोपट्टी बाँधेर विरोध जनाएँ । यो यस्तो विषय हो, जसका बारेमा सबै पत्रकारजगत, मानवअधिकारवादी सङ्घसंस्था र नागरिक स्वतन्त्रताका पक्षधरहरूले आवाज उठाउन जरुरी छ ।

**तपाईलाई झुटा मुद्दा लगाएर गायब पार्ने शैलीमा काठमाडौंबाट सिराहा ल्याइयो । अहिले तपाईलाई के मुद्दा लगाएको छ र मुद्दाको स्थिति के छ ?**
मलाई नौ महिनासम्म काठमाडौंमा शान्तिसुरक्षाको नाममा राखियो । त्यसपछि रातारात विभिन्न प्रहरी चौकी गर्दै मलाई आतङ्कित पार्दै सिराहामा ल्याइयो र हातहातियार तथा खरखजनाको झुठा मुद्दामा फँसाएर अहिले सिराहाबाट यस राजविराज जेलमा राखिएको छ । झुट्टा मुद्दामा फसाएर यसरी राखिएकोमा सर्वोच्चमा रिट चलिरहेको छ । तीन सदस्यीय फुल बेञ्चले मेरो मुद्दालाई सात सदस्यीय फुल बेञ्चमा पठाएको छ । न्याय मिल्नेछ भन्ने विश्वासका साथ प्रतीक्षारत छु ।

**सम्मानित अदालतले बेकसुर भनी फैसला गरे पनि अदालत परिसरबाटै प्रहरीले पुनः पक्राउ गरेका घटनाहरू छन् । तपाईका बारेमा पनि'..?**
अदालतबाट रिहाई गरेकाहरूलाई पुनः गिरफ्तार नगर्ने भन्नेजस्ता भनाईहरू सरकारका प्रमुख व्यक्तिहरूबाट भन्ने गरिएको छ । यो पक्ष व्यवहारमा हेर्नुपर्नेछ म पत्रकारिता तथा साहित्यिक क्षेत्रमा स्वतन्त्र रूपमा काम गरिरहेको कलमजीवि भएको हुनाले मलाई विश्वास छ, सर्वोच्चले मलाई रिहा गरे पछि पुनः गिरफ्तार गरिने छैन । मलाई पुनः गिरफ्तार गरेर सरकारले आफूलाई उपहासको पात्र बनाउने छैन । झुठा मुद्दामा मलाई फँसाएर सर्वत्र आलोचित भएको सरकारले सर्वोच्चको आदेश उल्लङ्घन गरेर पुनः आलोचित हुने स्थितिमा आफूलाई नपुऱ्याउला भन्ने मलाई लाग्छ ।

**आफ्नो रिहाईको सर्वत्र आवाज उठेको प्रसंगप्रति तपाईलाई कस्तो अनुभुत हुन्छ ?**
मलाई जेलमा बन्दी बनाएपछि विभिन्न मित्र तथा संस्थाहरूले मेरा रिहाइका निमित्त विभिन्न किसिमले आवाज उठाउँदे आउनु भएको छ । खास गरेर पत्रकार, लेखक, साहित्यकार, वकिल तथा मानवअधिकारवादी मित्रहरूले मेरा पक्षमा गम्भीरताका साथ चासो देखाई रिहाइको निमित्त जुन पहल र प्रयास भइरहेको छ, यसप्रति म अन्यन्तै आभारी छु । यसको लागि म मेरो रिहाईको लागि आवाज उठाउने सम्पूर्ण शुभचिन्तकहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।


**तपाई अखिल नेपाल जनसाँस्कृतिक संघको केन्द्रीय अध्यक्ष हुनुहुन्छ । आफू जेल परेपछि जनसाँस्कृतिक आन्दोलन कसरी बढिरहेको छ जस्तो लाग्छ ?**
मेरो गिरफ्तार पछि पनि थुप्रै लेखक-कलाकार साथीहरूको हत्या भएको छ । थुप्रैलाई बेपत्ता पारिएको छ । कयौंलाई जेलनेलमा कठोर यातना दिइएको छ र पनि जनमुक्तिको यात्रा सँगसँगै एकाकार हुँदै हाम्रा साथीहरू साँस्कृतिक योद्धाका रूपमा अविचल भएर अघि बढिरहनु भएको छ । त्यसैले हाम्रो जनसाँस्कृतिक संघको साँस्कृतिक अभियानमा मेरो गिरफ्तारीले कुनै अवरोध तथा व्यवधान पुऱ्याएको छैन । व्यक्तिहरू थुनिन्छन्, छुट्छन्, अगाडी बढ्छन्, पछि हट्छन् तर यात्रा भने निरन्तर रूपमा अघि बढिरहन्छ । जनताको संघर्षको अन्य फाँटझैं हाम्रो साँस्कृतिक फाँट पनि दिनप्रतिदिन उर्वर बन्दै अग्रगामी मार्गमा गतिवान् छ । लेखन, सिर्जन, प्रकाशन सबै पक्ष समृद्ध बन्दै गएका छन् । त्याग र समर्पणको महागाथा निर्माण भैरहेको छ ।

**आफ्ना समकालीन तथा नवोदित स्रष्टाहरूलाई के सल्लाह दिनुहुन्छ ?**
साहित्यका क्षेत्रमा समर्पित भइरहनुभएका तथा यसै मार्गमा अग्रसर हुन थाल्नुभएका नयाँ-पुराना, मेरा समकालीन तथा नवोदित साथीहरूलाई म हाम्रो युग, समाज, देश र जनताप्रति, आमूल परिवर्तन र मुक्तिप्रति सधै निष्ठावान बनौं भन्ने सल्लाह दिन्छु । सधै इमान्दार र प्रतिबद्ध बनौं, शब्द र कर्मप्रति आदर्श र व्यवहारप्रति निष्ठावान् बनौ भन्छु । साथै हाम्रो लेखन र सिर्जनाअनुरूप हाम्रो जीवनशैली बनोस् र हामी हाम्रो यात्रामा अविराम, अथक र निरन्तर रूपमा अघि बढिरहौं, भन्दछु ।

**जनादेश साप्ताहिक र कलम त्रैमासिक सम्पादन गरिरहेको बेलामा कांग्रेसी सरकारले तपाईलाई झुट्टा मुद्दामा फँसाई तपाईको हातमा हत्कडी लगाएर पनि कलम र जनादेश प्रकाशित भइरहेका छन् । यस्तो अवस्थामा तपाई सहयोद्धा साथीहरूलार्य के सन्देश दिनुहुन्छ ?**
म बन्दी बने पनि जनादेश र कलम परिवारसित सम्बद्ध साथीहरूले कष्टसाध्य रूपमा रहेर पनि प्रकाशनलाई निरन्तरता दिइरहनुभएको छ । तमास किसिमका विघ्नबाधा, अप्ठेरा र चुनौतीहरूको सामना गर्दै पत्रकारिताका क्षेत्रमा साथीहरू जनादेशलाई अगाडि बढाउँदै हुनुहुन्छ । त्यसैगरी साथीहरू कलमका माध्यमबाट आफ्नो दायित्व पूरा गरिरहनुभएको छ । यसले आफू जेलभित्र रहेर पनि मलाई हर्ष र गर्वको अनुभुति गराईरहेको छ । मेरो हातबाट मेरो कलम खोसेर मलाई हतकडी पहिराइए पनि हामीहरू यात्रामा फेरि सँगसँगै कलम उठाउँनेछौं । जनतासँगको मुक्तियात्रामा होस्टे र हैंसे गर्दै साथसाथै अघि बढ्नेछौं भन्ने विश्वास मैले लिएको छु र साथीहरूलाई पनि यहि विश्वासले दृढ, निर्भिक र अविलिचित हुन अनुरोध गर्दछु ।

## कविता


### प्रतिबन्ध



● कृष्णसेन 'इच्छुक'

*हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै*
*हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै*
*तिमी भन्छौ- गाऊ न गाऊ*
*तर यो गीत नगाऊ*
*हामी भने त्यही गीत गाइरहन्छौं ।*
*हाम्रा विचारहरूमा प्रतिबन्ध लगाउँदै*
*हाम्रा हातहरूमा हत्कडी पहिऱ्याउँदै*
*तिमी भन्छौ- लेख्न त लेख*
*तर यो गीत नलेख*
*हामी भने त्यही गीत लेखिरहन्छौं ।*
*हाम्रा आस्थाहरूमा प्रतिबन्ध लगाउँदै*
*हाम्रा खुट्टाहरूमा नेल भिराउँदै*
*तिमी भन्छौ- हिँड्न त हिँड*
*तर यो बाटो नहिँड*
*हामी भने त्यही बाटो हिंडिरहन्छौं ।*
*ओ शासक र प्रशासकहरू !*
*अस्वीकार्य छ हामीलाई*
*तिम्रा निरङ्कुश आदेशहरू*
*तिमी जतिसुकै हुकुम र फरमानहरू जारी गर*
*तिमी जतिसुकै जुलुम र उत्पीडनहरू सुरू गर*
*सक्छौ भने हाम्रा चेतनाहरूमा प्रतिबन्ध लगाऊ*
*र, सत्यलाई कैद गर*
*तर ओ तानाशाहहरू !*
*तिम्रा बर्बर स्वेच्छाचारका विरूद्ध*
*हामी भने निरन्तर आवाज उठाइरहन्छौं ।*
*उठाइरहन्छौं हामी तिम्राविरूद्ध संघर्षको हातहरू*
*कसिरहन्छौं हामी तिम्राविरूद्ध विद्रोहका मुट्ठीहरू*
*ओ अत्याचारका पहरेदारहरू !*
*अन्तिम जित हाम्रै हो*
*तिम्रो हारमाथि विजयको झण्डा गाड्दै*
*हामी भने अथक र अविचल*
*अन्तिम युद्ध लडिरहन्छौं ।*

### शालिक रुन्छ



हिरामणि दुःखी

*जब मकर आधा बाटो हिँड्छ*
*देखिन्छ सालिक उभिएको जमीन*
*सालिकको गलामा झुण्डिन्छन्*
*एक थान सयपत्रीको हार*
*अनि*
*उत्तरवर्ती भगौडा भिक्षुका*
*मन्त्रोच्चारित*
*केही थान खादा*
*सत्ता*
*र सत्तासीन हातहरूबाट*
*तब*
*आफू दुसित भएको महसुस गर्छ*
*सालिक ।*

*जब हार र खादा झुण्ड्याउने हातहरू*
*फर्कन्छन् आआफ्नो कक्षमा*
*तब गर्जन्छन्*
*ती सब सबै हातहरू*
*सत्ताबाट*
*हकार्छ उन्मत्त साँढेको हुङ्कार*
*अग्रगमनी जुलुसका विरुद्ध*
*तत्क्षण आदेश गर्छ*
*आफ्नो*
*केवल आफ्नो*
*सुरक्षामा तैनाथ बन्दुकलाई*
*वर्षिन्छन् असिनाझैं गोलीहरू*
*आँखा देख्दैन गोली*
*ताकि ताकि सोझिन्छन्*
*सारङ्गी रेट्दै*
*आकाशमा स्वर उराल्ने छातीतर्फ*
*क्षणभरमा ढेर लाग्छन्*
*नयाँ सालिकहरूका साँचोहरू*
*त्यतिबेला*
*धुरुधुरु रुन्छ सालिक*
*दुःख मनाउ गर्दै*
*अपवित्र हातहरूबाट*
*सयपत्रीको हार भिर्नु परेकोमा ।*

## चिनियाँ...

आखिरमा हामीले तिनलाई सुधार्‍यौं, र यसरी सुधार्ने काम गर्दा हाम्रो पार्टी र हाम्रो लाल सेना स्पात झैं दरो र झन बलियो बनेका छन् ।

चिनियाँ कम्युनिष्ट पार्टीले जोडदार, शानदार र विजयी क्रान्तिकारी युद्धको नेतृत्व गरेको छ र गर्दैछ । यो युद्ध चीनको मुक्तिको झण्डा मात्र होइन, बरु यसको अन्तर्राष्ट्रिय क्रान्तिकारी महत्व पनि छ । संसारभरका क्रान्तिकारी जनताका आँखा हामीमाथि परेका छन् । यस युद्धको नयाँ चरणमा, अर्थात् जापान-विरोधी राष्ट्रिय क्रान्तिकारी युद्धको चरणमा हामी चिनियाँ क्रान्तिलाई पूर्णतासम्म बढाउनेछौं र पूर्वको तथा सम्पूर्ण संसारको क्रान्तिमाथि गहिरो प्रभाव पार्नेछौं । हाम्रो क्रान्तिकारी युद्धले कुन कुरा प्रमाणित गरेको छ भने हामीलाई एउटा सही मार्क्सवादी सैनिक कार्यदिशा र साथै एउटा सही मार्क्सवादी राजनैतिक कार्यदिशाको आवश्यकता छ । पन्ध्र वर्षको क्रान्ति र युद्धले यस्ता सैनिक तथा राजनैतिक कार्यदिशाको निर्माण गरेका छन् । हाम्रो के विश्वास छ भने अबदेखि, युद्धको नयाँ चरणमा, उक्त कार्यदिशाहरू नयाँ परिस्थितिमा अरु विकसित, भरिभराउ र समृद्ध हुनेछन्, जसले गर्दा हामीले राष्ट्रिय शत्रुलाई हराउने लक्ष्यलाई हासिल गर्न सक्नेछौं । इतिहासले हामीलाई के बताउँछ भने सही राजनैतिक तथा सैनिक कार्यदिशाहरूको उत्पत्ति र विकास स्वयंस्फूर्त तथा शान्तिपूर्ण ढंगबाट हुँदैन, बरु संघर्षको क्रममा हुन्छ । यी कार्यदिशाहरूले एकातिर “वामपन्थी” अवसरवादको विरुद्ध र अर्कोतिर दक्षिणपन्थी अवसरवादको विरुद्ध संघर्ष गर्नुपर्छ । क्रान्ति र क्रान्तिकारी युद्धलाई क्षति पुर्‍याउने यस्ता हानिकारक प्रवृत्तिहरूको विरुद्ध संघर्ष नगरिकन र त्यसलाई पूरैसित खतम नपारिकन, सही कार्यदिशा स्थापना गर्नु र युद्धमा विजय प्राप्त गर्नु असम्भव हुनेछ । त्यही कारणले गर्दा मैले अक्सर गरेर यस पुस्तिकामा गलत धारणाहरूबारे चर्चा गरेको हुँ ।

## विशिष्ट...

आएको हिन्दू धर्मको उत्पीडन तथा भेदभावको अन्त्य गरी उनीहरूलाई धार्मिक तथा साँस्कृति रूपमा स्वतन्त्रता तथा समानताको अधिकार प्रदान गरिनु पर्दछ ।

१७. सामन्ती भूस्वामित्वको अन्त्य गरी गरिब तथा भूमिहीन किसान र सुकुम्बासीहरूमा भूमि वितरण गरिनु पर्दछ ।जमिनको खण्डीकरण तथा विचौलियाहरूको वर्चस्वलाई रोक्नु पर्दछ ।

१८. राष्ट्रिय तथा स्वतन्त्र अर्थतन्त्रको निर्माण तथा विकास गरिनु पर्दछ ।

१९. भूकम्पद्वारा ध्वस्त भएका ऐतिहासिक मठ मन्दिर, पाटीपौवा, हिटीहरूको तत्काल निर्माण गरी नेपाली कलाको संरक्षण र सम्बर्द्धन गरिनु पर्दछ ।

२० लोपोन्मुख भाषा, लोक कला, संस्कृति, गीत संगीतको संरक्षण तथा सम्बर्द्धन गरिनु पर्दछ ।

२१. महान् जनयुद्धका क्रममा राज्यद्वारा बेपत्ता पारिएका योद्धाहरूको खोजी गरी सार्वजनिक गरिनु पर्दछ र दोषीमाथि कारबाही गरिनु पर्दछ । सहित तथा बेपत्ता योद्धा परिवारजनलाई उचित राहतको अविलम्ब व्यवस्था गरिनु पर्दछ। महान् जनयुद्धका सहित तथा राज्यद्वारा बेपत्ता पारिएका योद्धाहरूका परिवारजन र अपाङहरूका लागि निःशुल्क शिक्षा तथा स्वास्थ्य र रोजगारीको अनिवार्य व्यवस्था मिलाई आवश्यक रेखदेख गरिनु पर्दछ । जनयुद्धकालमा लगाइएका मुद्दाका आधारमा वारेन्ट जारी गर्ने, गिरफ्तार गर्ने, थुनछेक गर्ने काम तुरुन्त बन्द गरी सम्पूर्ण मुद्दाहरूलाई मेलमिलाप आयोगमा पठाइनु पर्दछ । जनयुद्धकालमा प्रतिशोधका आधारमा लगाइएका सम्पूर्ण मुद्दाहरू खारेज गरिनु पर्दछ । जनयुद्धकालीन मुद्दा खेपिरहेका अदालत पीडित योद्धाहरूका मुद्दा खारेज गरिनु पर्दछ ।

२२. उद्योग तथा कृषिसहित सबै क्षेत्रका मजदुरहरूका लागि समुचित ज्याला निर्धारित गरिनु पर्दछ र ठेकेदारी, करार तथा ज्यालादारी प्रथाको खारेज हुनु पर्दछ ।

२३. शिक्षा, स्वास्थ्य, खाद्य सम्प्रभुता, रोजगारी तथा आवाससम्बन्धी व्यवसथिलाई जनताको मौलिक हकका रूपमा वास्तविक अर्थमा राज्यद्वारा आफ्नो दायित्व स्वीकार गरी तिनको कार्यान्वयन गरिनु पर्दछ ।

२४. केन्द्रीय प्रतिक्रियावादी राज्यसत्ताद्वारा कर्णाली, सेती, महाकालीलगायतका अविकसित क्षेत्रहरूमाथि आर्थिक, राजनीतिक तथा साँस्कृतिक रूपमा हुँदै आएको उत्पीडनको अन्त्य हुनुपर्दछ ।

२५. कथितथ अयोग्य लडाकु घोषित गरी शिविरबाट निकालिएका जनमुक्ति सेनाका योद्धाहरूद्वारा राखिएका जायज मागहरूलाई अविलम्ब पूरा गरिनु पर्दछ ।

२६. महान् जनयुद्धको प्रक्रियामा पार्टीको आह्वानमा जागिर छोडेका सेना तथा प्रहरीहरूलाई पुनःबहाली गरिनु पर्दछ ।

२७. मजदुर, किसानलगायतका जनताका आन्दोलन तथा विरोध प्रदर्शन गर्ने अधिकार सुनिश्चित गरिनु पर्दछ। आन्दोलनको अधिकार अपहरण गरिल्याइएको ‘नो वर्क नो पे’को व्यवस्था खारेज गरिनु पर्दछ ।

२८. किसानहरूका लागि मलखाद, कृषि औजार, बिऊबिजन, कृषि ऋण आदिको सस्तो र सुलभ व्यवस्था हुनु पर्दछ । किसानहरूका लागि राज्यले यथेष्ट अनुदान दिनु पर्दछ ।

२९ धान, चामललगायत खाद्यान्न बालीसहित समग्र अर्थतन्त्रमा देशलाई आत्मनिर्भर बनाउनु पर्दछ ।

३०. खानेपानी, बिजुली, यातायात, सञ्चार आदि क्षेत्रमा भौतिक पूर्वाधारको निर्माण तथा विकास गरिनु पर्दछ ।

३१. साहित्यकार, कलाकार, बुद्धिजीवी तथा साँस्कृतिककर्मीहरूको प्राज्ञिक स्वतन्त्रता सुनिश्चित हुनु पर्दछ।

३२. सम्पूर्ण जनतालाई स्वदेशमै रोजगारीको व्यवस्था हुनु पर्दछ । बेरोजगारहरूलाई भत्ताको व्यवस्था गरिनु पर्दछ।

३३. कक्षा १२ सम्म सबै क्षेत्रमा निःशुल्क र अनिवार्य शिक्षा नीति लागू गरिनु पर्दछ। शिक्षा र स्वास्थ्यमा भएको निजीकरण तथा व्यापारीकरणको अन्त्य गरी शिक्षा र स्वास्थ्यको दायित्व राज्यले लिनु पर्दछ।

३४. गोर्खा भर्ती केन्द्रअन्तर्गत ब्रिटिश तथा भारतीय सेनामा रही नेपालीहरूले बगाएको श्रम, सिप तथा पसिनाको बिना भेदभाव कदर गरी उनीहरूलाई समानताका आधारमा पेन्सन भत्तालगायतका सुविधा दिनु पर्दछ । अन्ततः गोर्खा भर्तीकेन्द्र खारेज गरी नेपालमै रोजगारीको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ ।

*(२०७४ असोजमा सम्पन्न क्रान्तिकारी माओवादीको राष्ट्रिय सम्मेलनद्वारा पारित राजनैतिक प्रतिवेदनबाट)*

## देशलाई...

टाँगिइरह्यो । यो व्यानरले नेपालमा दुई भिन्न देशहरू छन् भन्ने बताउँछन् । यो ओलीका लागि टाउको दुखाइको विषय सम्म पनि बनेन ।’

माओकालीन चीनमा अमेरिकी राष्ट्रपति भ्रमणको स्मरण गर्दै गजुरेलले थप्नुभयो- ‘माओको पालामा अमेरिकी राष्ट्रपति निक्सनको चीन भ्रमण बखत पिउने पानी पनि अमेरिकाबाट लिएर आएका थिए । तर चीनले एकजना पनि अमेरिकी सेनालाई चीनमा खुट्टा टेक्न अनुमति दिएको थिएन ।’

प्रशिक्षण सम्बोधनको क्रममा उहाँले एमाले माओवादी बीचको एकता दुई पार्टीको एकता नभई प्रचण्डले आफ्नो सुरक्षाका लागि माओवादी पार्टी एमालेमा बुझाइदिएको खुलासा गर्दै- ‘यो आत्मसमर्पण नै हो । एकता होइन । त्यहाँभित्र रहेका पूर्व पीएलए कमाण्डरहरू भन्ने गरेका छन् कि प्रचण्डले त्यहाँ रहेका सबैको भविष्य नै समाप्त गरिदिए । माओवादी आन्दोलनमा अब प्रचण्डको भ्रमको खेती बाँकी रहेन । अब झगडा माओवादीमा छैन नेकपामा सरेको छ । प्रचण्डले माओवाद विधिवत् रूपमा त्यागिदिएका छन् ।’

सम्बोधनको अन्त्यतिर गजुरेलले भन्नुभयो- ‘आत्मसमर्पणवादी प्रचण्डहरूसँगको हाम्रो सम्बन्ध विच्छेद बल्ल जनताले बुझ्न थालेका छन् र अब क्रमशः हाम्रो कुरा सबैलाई पच्न थालेको छ ।’ : उहाँले पुनः थप्नु भयो- ‘हाम्रो पार्टी र क्रान्तिका लागि अनुकूल परिस्थिति बन्दै गएको छ ।’

## नेता...

माओवादी)का महासचिव मोहन वैद्य किरणले एक शोक वक्तव्य जारी गरी दिवंगत जयबहादुर थापाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ । र, नेता थापासहित शोकसंतप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट पनि गर्नुभएको छ ।

वक्तव्यमा दिवङ्गत जयबहादुर थापा पार्टीका समर्थक तथा शुभचिन्तक रहेका र उहाँले नेपाली कम्युनिस्ट आन्दोलन तथा विभिन्न संघर्षहरूमा सहयोग पुर्‍याउनु भएको बताइएको छ ।

वक्तव्यमा जनाइए अनुसार दिवङ्गत थापाकी जीवन सङ्गिनी मनकुमारी थापाको पहिले नै निधन भइसकेको थियो । दिवङ्गत थापाका बारेमा वक्तव्यमा थप भनिएको छ, ‘पार्टी शुभचिन्तक थापाको निधन भएकोमा यस दुःखदघडीमा वहाँप्रति हामी भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौ । साथै, हामी वहाँको निधनमा शोकमग्न हुनु भएका क. परी थापा सहित सम्पूर्ण परिवारजनप्रति पनि गहिरो हार्दिक समवेदना प्रकट गर्दछौ ।’

यसैगरी देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले एक वक्तव्य जारी गर्दै देजमोका केन्द्रीय सचिव समेत रहनुभएका नेता परि थापाका दिवंगत बुबा जयबहादुर थापाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै नेता थापासहित शोकाकूल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ ।

## क्रान्तिकारी...

मगरातीलगायत नेताहरूले शुभकामना दिनुभएको थियो । नवीनले अध्यक्षता गरेको अधिवेशनमा लोकेन्द्रले स्वागत मन्तव्य राख्नुभएको थियो भने सञ्चालन सुवर्णले गर्नुभएको थियो । अधिवेशनमा पार्टी केस फुर्वा, भास्करलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## नेवाः...

सङ्घीयता आफैमा प्रष्ट छैन र यो सारसंग्रहवादी सोचबाट आएको छ’ भन्दै हाल ‘संघीयताको नाममा देशमा विभाजन गरिएका प्रदेशहरू पनि पहिचान र सामर्थ्यको आधारमा बन्न सकेका छैनन्’ भन्नुभयो । । यदि ‘साच्चै पहिचान र सामर्थ्यको आधारमा प्रदेश निर्माण गर्ने हो भने कम्तिमा ११ देखि १४वटा सम्म निर्माण गरिइनु पर्छ’, वैद्यको थप जोड थियो ।

उक्त स्थापना दिवसका अवसरमा अन्य अतिथिहरूमा नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी सदस्य क. राजवीर, अखिल नेपाल आदिवासी महासंघका अध्यक्ष कमल चौधरी, स्थायी समिति सदस्य सीताराम तामाङ, नेवा सल्लाहकार समिति अध्यक्ष सूर्यबहादुर नकर्मी, र नेवा नेता महेशमान श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

## मोर्चामा...

कार्यक्रमसम्म जाने शक्तिहरूलाई समेट्दछ’ भन्नुभयो । ‘मोर्चामा कम्युनिष्ट पार्टीका सदस्यहरू पनि हुन्छन् र गैरकम्युनिष्ट पार्टीका सदस्यहरू पनि हुन्छन्’ भन्दै श्रीसले थप्नुभयो- ‘जो देशभक्त, राष्ट्रवादी र जनपक्षीय हुन्छ, ऊ मोर्चामा अट्न सक्छ ।’ पार्टीमा सदस्यता प्राप्त गर्न कुनै पनि जनवर्गीय सङ्गठनमा एक वर्ष काम गरेको हुनुपर्ने र थप परीक्षणकालमा रहनु पर्ने प्रावधान हुने भन्दै मोर्चामा भने उक्त कुरा लागु नहुने बताउनु भयो ।

मोर्चा क्रान्तिका तीन जादुगरी हतितयारमध्येको एक हतियार हो भन्दै श्रीसले मोर्चामा ‘नेतृत्व पार्टीको रहनुपर्छ, तर त्यो थोपरेर हुँदैन । नेतृत्व यति क्षमतावान हुनुपर्छ कि गैरपार्टीका सदस्यहरूको बहुमत हिस्सालाई ‘विनओभर’ गर्न सक्नुपर्छ ।’ उहाँका अनुसार पार्टीका सदस्यहरूको सन्दर्भमा विचारणीय कुरा भनेको मोर्चामा रहेका ‘पार्टीका सदस्यहरूले आफ्ना फरक मतहरू भएमा मोर्चामा होइन, पार्टीमा राख्नुपर्छ । पार्टीका सदस्यहरूको हकमा यो पद्धति लागु हुन्छ ।’ उहाँका अनुसार बिर्सन नहुने कुरा के हो भने ‘पार्टी सदस्य वा पार्टीका जिम्मेवार नेताहरूलाई पार्टी कामका लागि जहाँ पठाइन्छ , त्यहाँ भित्र काम गर्दा पार्टी पद्धतिमा रहेर काम गर्नुपर्छ ।’

## देजमो...

चरित्रको भएकाले यहाँ वैदेशिक हस्तक्षेप बढ्दै गएका कारण देशको स्वाभिमान खतरामा पर्दै गएको कुरा बताउनु भयो । राष्ट्रियतामाथि वैदेशिक तथा घरेलु जनविरोधीहरूको निरन्तर हमला, अत्याचार, प्राकृतिक सम्पदामाथि असिमित दोहनको अन्त्यका लागि नयाँ जनवादी क्रान्तिमार्फत् जनगणतन्त्र स्थापना गर्ने काम नै पार्टीको हालको कार्यभार हुने कुरामा जोड दिनु भएको थियो ।

कार्यक्रमलाई शुभकामना मन्तव्य दिने क्रममा इन्दिरा घमिरेले अहिले संघर्ष उठान गर्ने अनुकूल समय बन्दै आएको बताउँदै क्रान्तिकारीहरूबीच निरन्तर भेटघाट र मूल्यवृद्धि, बेपत्ता, घाइते, शहीद परिवार आदिका मुद्दामा संघर्षको मोर्चा कसदै जानुले आत्मगत अवस्था सुदृढ बनाउँददै लगेको बताउनु भयो । काठमाडौं जिल्लाका पार्टी इञ्चार्ज कमरेड प्रवेशले क्रान्तिकारीहरूको एकता र ध्रुवीकरणको समय आएको कुरा बताउनु भयो । हामीमा अब बुझाइमा एकरूपता, वैधानिक संगठनहरूमा विस्तार र पार्टी सदस्यहरूमा क्रियाशीलता जरुरी भएको भन्दै स्कुलिङ, संगठन निर्माण तथा जनपरिचालन अभियानले क्रान्तिकारीहरूलाई एकहदसम्म कार्यक्षेत्रमा खट्ने बनाएको कुरामा जोड दिनुभयो ।

मोर्चाका काठमाडौं जिल्ला अध्यक्ष खगेन्द्र छन्तेलले पार्टी र मोर्चाबीचको सम्बन्ध र अन्तरबारे प्रशिक्षण आवश्यक भएको बताउनु भएको थियो । अध्यक्ष छन्तेलको अध्यक्षतामा भएको उक्त प्रशिक्षण कार्यक्रमको सञ्चालन जिल्ला सचिव निबास श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रमका अन्य अतिथिहरूमा नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्यहरू क. प्रवेश, क. बद्री बजगाईं, क. हुकुम बहादुर सिंह, क.ईश्वर तिमिल्सिना, क. हरिकृष्ण गजुरेल, क. कमल, जिल्ला सचिव क. सरु, देजमो केन्द्रीय सदस्य गोर्की श्रेष्ठ, शालिक भण्डारी र इन्दिरा घिमिरे हुनुहुन्थ्यो ।

## यसरी...


नेकपा (विप्लव) निकट क्रान्तिकारी पत्रकार संगठन, नेपालको संयुक्त आयोजनामा गरिएको प्रभातफेरी कार्यक्रम सम्पन्न भएको छ ।

काठमाडौं रत्नपार्कको शान्तिबाटिकाबाट सुरु भएको प्रभातफेरी भृकुटीमण्डपमा पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभालाई क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा प्रकाशन विभाग प्रमुख रामसिंह श्रीस, अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञावाली, नेपाल पत्रकार महासंघका बरिष्ठ उपाध्यक्ष विपुल पोखरेल, क्रान्तिकारी पत्रकार महासंघका महासचिव केशरमणि कटुवाल, क्रान्तिकारी पत्रकार संगठन, नेपालका उपाध्यक्ष दिपेन्द्र रावल लगायतले सम्बोधन गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन जनसाँस्कृतिक महासंघका महासचिव हिरामणि दुःखीले गर्नुभएको थियो ।

कार्यक्रममा प्रायः वक्ताहरूले इच्छुकले नेपालमा नयाँ जनवादी क्रान्तिको महान सपना र आदर्शका निम्ति अमूल्य जीवनको वलिदान गरेको भन्दै त्यो महान लक्ष्य, उद्देश्य र आदर्श अझै प्राप्त नभएको यस घडीमा ती महान लक्ष्य र आदर्श प्राप्तिका निम्ति सबै क्रान्तिकारी तथा जनपक्षीय साँस्कृतिककर्मी तथा पत्रकारहरू एकजुट भएर अगाडि बढ्नुपर्ने आवश्यकता रहेको कुरामा जोड दिनुभएको थियो ।

इच्छुकको स्मृतिमा इच्छुक साँस्कृतिक प्रतिष्ठानले प्रतिष्ठानकै हलमा आजै विशेष कार्यक्रमको आयोजना गर्दैछ ।

जनयुद्ध उत्कर्षमा पुगेको बेलामा महेन्द्र पुलिस क्लबका तत्कालिन डिआइजी अमरसिंह शाह, डिआइजी बिक्रम सिंह थापालगायतको टोलीले २०५९ जेठ ६ गते गिरफ्तार गरी हिर इसतमै चरम यातना दिएर जेठ १३ गते सेनको हत्या गरेका थिए ।



दुर्वाच्य

रामचन्द्र हुमागाई



# भुँग्रोमाथि कम्युनिष्ट पार्टी

आजभन्दा ६८ वर्ष अगाडि प्रवासमा बसेर क. पुष्पलालले स्थापना गरेको नेपाल कम्युनिष्ट पार्टी अहिले आएर एकदम शक्तिशाली भएको छ । केपी ओलीले नेतृत्व गरेको एमाले र पुष्पकमल दाहालले नेतृत्व गरेको माओवादी केन्द्रको देहावसानपछि निर्माण भएको नेपाल कम्युनिष्ट पार्टी आफैंमा बलियो त देखिएको छ तर यो बलवानि मकैको ढोडको लौरो जस्तो बलवान कि तात्तातो भुँग्रोभित्र घुसारिएको कटवाँसको लट्ठी जस्तो हो ? यसको टुँङ्गो समयले नै लगउला तर सिद्धान्तको पोखरीमा डुवुल्की मारेर आफुआफुमात्रै डकार्दै सत्ताको शिखरमा गुग्नमात्रै एकता भएको हो भन्ने कुरा भागवण्डाको दृश्यले नै सावित गरिरकेको छ । यदि सच्चा कम्युनिष्टहरूको पार्टी हो भने कसैले पनि भागवण्डाको चाचाछैंयाँमा डुवुल्कि मार्ने थिएनन् ।

कम्युनिष्ट पार्टी स्थापना भएको यतिलामो समयसम्म पनि जनताको पक्षमा आवाज नठ्नु, राज्यसत्ता प्राप्तिका लागि मात्रै शासकवर्गसँग लडिरहनु र राज्य सत्ता प्राप्तिपछि पनि आफ्ना एजेण्डा लागु गर्नुको सट्टा अरुकै एजेण्डामा सुधा गरेर अगाडि बड्न खोज्नु भनेको बिना एजेण्डा राजनीतिमा लागेको भन्ने आरोप लगाउँन जो कोहीले पनि सक्ने भए । त्यो भन्दा पनि यहा स्पष्ट देखिएको के भने ६८ वर्षसम्म जनताका लागि लडेको पार्टीले सामन्तवाद र साम्राज्यवादको मात्रै पृष्टपोषण गरेको देखापर्छ । पटकपटक काँग्रेस जस्तो पुरातनवादी पार्टीसँग नमिलि स्वतन्त्रता प्राप्त गर्न सकिंदैन भन्दै उसैको पछिलागेर, उसैको एजेण्डामा रमाएको उधाहरण पनि सबैका सामु छदैछ । आफुसँग केही नभए पनि सिक्ने र सिकाउँने प्रवृत्तीमा पनि खडेरी परेको अवस्थामा यो पटक के भएर हो कुन्नी कम्युनिष्टहरूको घैंटामा घाम लागेकै हो भन्नैपर्छ ।

तर, नाम कम्युनिष्ट काम अपरचुनिस्ट हुन्छ कि भन्ने कुरामा शंका गर्नुपर्ने भएको छ । हुन त काम गर्ने समय चाहिन्छ । अहिलेको अवस्थमा निरँकुश पञ्चायती व्यवस्था भन्दा एक कदम मात्रै माथि उठेको छ, नेपाल कम्युनिष्ट पार्टी (अण्डर लाइन) । लोकतन्त्र भित्रको गणतन्त्रमा कोही भोका हुँदैनन् र काही पनि काम खोज्न विदेशी वजारमा भौंतारिंदैनन् । विकशित देशहरूले पनि आफ्ना श्रमजीवी जनतालाई आफ्नै देशमा रोजगारी दिएर, दक्ष जनशक्ति तयार पारेर विकास निर्माणमा लगाएका हुन्छन् । यसो हुँदा आफ्नो उत्पादन आफैं उपयोग गर्न पनि पाइने, विदेशी व्यापारमा यतिघाटा र उति घाटाभनेर राँडी रुवाइ पनि गर्नु नपर्ने भएकाले थोरै पूँजीमा धेरै आम्दानी हुन्छ । देशको आम्दानी देशमै रहने हुनाले सरकारको ढुकुटी भरिने हो, अथात् सरकार धनी हुनु हो । त्यो सिलसिलापछि मात्रै मुलुक समाजवाद उन्मुख भएको भन्न मिल्छ । यहाँ त समाजवादको ‘स’ उच्चारण गर्न नजान्नेहरू कुर्कुच्चा उठाएर समाजवादको नारा लगाइरहेका छन्, के वामेसर्न नजानेको वालख सगरमाथा चढ्छ भनेर कसैले विश्वास गर्न सक्ला ?

कम्युनिष्ट शासनमा जनता जुझारु, परिश्रमी र उत्पादनशील हुन्छन् । दक्ष र क्षमता अनुसार रोजगारी पाउँछन् । तर, यहाँ को कुन पार्टीको हो, सत्तारुढ पार्टीको हो वा होइन भनेर चिनो लगाउँने चलन छ । यही चलनलाई सुचारु राख्ने हो भने ‘गइल भैंस पानीमें’ । होइन, निष्पक्ष नागरिकहरू (सम्पूर्ण) लाई क्षमता र दक्षता अनुसार काम दिने हो भने अवश्य नेपाल र नेपालीको भावनाको कदर हुन्छ । दिन गन्ती गरेर यति दिनमा फलानो देशको प्रधानमन्त्रीलाई स्वागत गरियो, फलानो देशको भ्रमण गरियो भनेर पेश गरिएको प्रगति विवरणसँग जनताको कुनै सरोकार रहँदैन, उही कार्यकर्ताले ताली पिट्ने मात्रै हो ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रानपुर
फोन नं. : ०१-५१८७२९६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस



गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६८३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८८८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

टाटासुमो बोलेरो

काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)

सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३१२८४३०

## आलोपालो

# विशिष्ट कार्यदिशा, नीति तथा कार्यक्रम



नेपाल अझै अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहिआएको र दलाल, नोकरशाही पुँजीपति एवम् सामनत वर्ग र साम्राज्यवाद तथा विस्तारवादद्वारा हुँदै आएको आर्थिक, राजनीतिक तथा साँस्कृतिक उत्पीडनको मारमा परेकाले देश तथा जनतालाई यस प्रकारको अवस्थाबाट मुक्त गर्नका लागि नयाँ जनवादी क्रान्ति अनिवार्य रूपमा आवश्यक छ ।

पार्टीको आम कार्यदिशा, नीति तथा कार्यक्रम नयाँ जनवादी क्रान्तिको दिशामा परिलक्षित रहेको छ । नेपालमा सर्वहारा वर्गको नेतृत्व र मजदुर किसान एकता एवम् सबै उत्पीडित जनसमुदायको संयुक्त अधिनायकत्वमा नयाँ जनवादी राज्यसत्ताको स्थापना गर्नु पार्टीको मूल राजनीतिक रणनीति हो । यस प्रकारको राज्यसत्ताको स्थापनाका लागि नेपालमा सम्पन्न विभिन्न जनसंघर्ष, सशस्त्र संघर्ष तथा मुख्यतः दश वर्षाको जनयुद्धका आधार तथा अनुभव र नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको सामरिक कार्यदिशा अवलम्बन गर्नु पर्दछ । यही नै नेपाली क्रान्तिको बाटो हो ।

पार्टीको उक्त आधारभूत कार्यदिशा, नीति तथा कार्यक्रमको कार्यान्वयन र उद्देश्य प्राप्तिका लागि विशिष्ट कार्यदिशा, नीति र कार्यक्रमको आवश्यकता पर्दछ । यस प्रकारको कार्यदिशा, नीति र कार्यक्रम राष्ट्रिय स्वाधीनताको रक्षा, जनताको जनतन्त्र तथा जनजीविकाका आधारभूत समस्याको समाधानका उपायहरूसित जोडिन पुगेका छन् । संघीय जनगणतन्त्रको स्थापना, राष्ट्रिय स्वाधीनताको रक्षा र जनजीविकाका समस्याहरूको समाधानका लागि संघर्षरत रहनु नै वर्तमान स्थितिमा पार्टीको मूल राजनीतिक कार्यनीति भनेको पार्टीको मूल राजनीतिक आचरण पनि हो । यस प्रकारको कार्यनीति संगठन र संघर्षका खुला र गुप्त, कानुनी र गैरकानुनी रूपहरूको सही विन्यासका साथै गाउँ र शहर तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय काम आदिको समुचित तालमेलसित सम्बन्धित रहेको छ । हाम्रो विशिष्ट अर्थात् ठोस कार्यक्रम यस प्रकार छ :

१. सन् १९५० को नेपाल भारत सन्धि, सन् १९६५ भारतसितको सुरक्षा सन्धिलगायतका सबै असमान सन्धि सम्झौताहरू खारेज गरिनु पर्दछ । नेपाली जनताको हितमाथि ध्यान दिँदै नयाँ सन्धिसम्झौता गरिनु पर्दछ ।

२. कोशी, गण्डकी, एकीकृत महाकाली, उपल्लो कर्णाली, अरुण-३ सहितका भारतीय विस्तारवादसित गरिएका उक्त जलविद्युत आयोजना खारेज गरिनु पर्दछ ।

३. सुस्ता, महेशपुर, कालापानीलगायत सीमा क्षेत्रमा गरिउका अतिक्रमित भूभाग फिर्ता हुनु पर्दछ । सीमा क्षेत्रमा एकतर्फी रूपमा बनाइएका बाँध तथा तटबन्ध हटाइनु पर्दछ ।

४. भारत र चीनका बीच नेपाली भूभागका रूपमा रहिआएको लिपुलेक व्यापारिक मार्गसम्बन्धी सम्झौता खारेज गरिनु पर्दछ

५. नेपाल भारत खुला सिमाना नियमन, नियन्त्रण र व्यवस्थित गरिनु पर्दछ । सीमा क्षेत्रमा निरन्तर रूपमा भइरहने भारतीय अतिक्रमण बन्द गरिनु पर्दछ । अन्ततः खुला सीमा बन्द गरिनु पर्दछ ।

६. राष्ट्रिय हित विपरीत गरिने वैदेशिक लगानी बन्द गरिनु पर्दछ । भारतसित गरिएको दुई पक्षीय लगानी प्रबर्द्धन तथा संरक्षण सम्झौता खारेज गरिनु पर्दछ । विशेष आर्थिक क्षेत्रको कार्यक्रम तथा लगानी बोर्डलाई खारेज गरिनु पर्दछ ।

७. त्रिभुवन अन्तर्राष्ट्रिय विमानसीथलसहित १५ वटा विमानसीथलको व्यवस्थापन भारतीय कम्पनीलाई दिने भनी गरिएको सहमति खारेज गरिनु पर्दछ ।

८. नेपालभित्रका रोजगारीका सबै क्षेत्रमा नेपाली कामदारलाई प्राथमिकता दिइनु पर्दछ ।

९. साम्राज्यवाद तथा विस्तारवादद्वारा गरिँदै आएका साँस्कृति अतिक्रमण तथा प्रदूषणको अन्त्य हुनु पर्दछ । हिन्दी, अंग्रेजीलगायत सबैखाले छाडा सिनेमा, भिडियो, पत्रपत्रिकाको आयात र बिक्री वितरणमा रोक लगाउनु पर्दछ ।

१०. विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ)हरूका नाममा हुने साम्राज्यवादी तथा विस्तारवादी घुसपैठ रोक्नुपर्दछ ।

११. वास्तविक नेपाली नागरिकहरूलाई नागरिकताको हक प्रदान गरिनु पर्दछ र राष्ट्रिय हित प्रतिकूल हुने गरी नागरिकता प्रमाणपत्र दिने नीति खारेज गरिनु पर्दछ ।

१२. उत्पादन सहकारी प्रणालीको विकासमा जोड दिनु पर्दछ ।

१३. फलफूल, तरकारी, माछा, ऊखु, पशुपंक्षी, दूधलगायतका कृषिजन्य स्वदेशी उत्पादनलाई प्रोत्साहित तथा बजारको समुचित व्यवस्था गरिनु पर्दछ । त्यस्ता वस्तुको आयातमा रोक लगाउनु पर्दछ ।

१४. मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम तथा उत्पीडित क्षेत्रसहितका वर्ग र जनसमुदायका हकहित तथा अधिकार र राज्यका सबै अंगहरूमा पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुनु पर्दछ ।

१५ लामो समयदेखि उत्पीडित रहिआएका आदिवास जनजाति, मधेसी तथा पिछडिएका क्षेत्रका जनसमुदायको पहिचानसहितको संघीयताको व्यवस्था गरिनु पर्दछ । १४ प्रदेशको संरचनालाई लागू गरिनु पर्दछ । स्वायत्त प्रदेश तथा स्थानीय निकायमा स्वायत्तता र स्वशासनको व्यवस्था गरिनु पर्दछ । कुनै पनि भाषालाई विशेषाधिकार दिने मान्यतालाई खारेज गरी सबै मातृ भाषाहरूलाई राष्ट्रभाषाको मान्यता दिनु पर्दछ र बहुभाषिक नीति अवलम्बन गर्नु पर्दछ । निर्वाचन पूर्ण समानुपातिक प्रतिनिधित्वका आधारमा गरिनु पर्दछ ।

१६ महिला, मुस्लिम तथा दलितहरूका लागि विशेषाधिकारको व्यवस्था गरिनु पर्दछ । राज्यका सबै अंगहरूमा पूर्ण समानुपातिक तथा समावेशिताको सुनिश्चितता गरिनु पर्दछ । महिलाहरूमाथि हुने पितृसत्तावादी उत्पीडनको अन्त गरिनु पर्दछ । उनीहरूलाई सबै क्षेत्रमा पुरुष सरह अधिकार सम्पन्न बनाउनु पर्दछ । दलितहरूमाथि हुने भेदभाव तथा छुवाछुतलाई गैरकानुनी घोषणा गरी दोषीहरूमाथि कडा कारबाही गरिनु पर्दछ । मुस्लिम समुदायमाथि हुँदै ...बाँकी ७ पेजमा

# प्रधानमन्त्री ओलीले उपचारको नाममा राज्यको ढुकुटीमा मच्चाएको ब्रम्हलुट

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो उपचारको नाममा सरकारी ढुकुटीमा ब्रम्हलुट मच्चाएका छन् । विभिन्न मितिमा प्रधानमन्त्री ओली उपचारको नाममा १७ करोड ६६ लाख रुपियाँ लिइ सकेका छन् । प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार २०५४ असार १५ गते २० लाख २५ हजार, २०५९ माग २७ गते १३ लाख ५८ हजार ५ सय, २०६४ साउन ६ गते २७ लाख १२ हजार १ सय, २०६८ भदौ १३ गते ३५ लाख ७३ हजार, २०७१ कार्त्तिक १७ गते ९ करोड २२ लाख १३ हजार, २०७१ चैत ५ गते, ३७ लाख ७३ हजार, २०७२ कार्त्तिक ९ गते २ करोड १२ लाख ३ सय, २०७२ फागुन ३ गते, ४ करोड ९८



लाख १३ हजार २ रूपैयाँ गरी जम्मा १७ करोड ६६ लाख ६७ हजार ४ सय २ रुपियाँ राज्यको ढुकुटीबाट उपचार खर्च लिएका छन् ।

## सरकारको 'रोडम्याप' : 'ग्राउण्ड' टेक्नेभन्दा पनि 'रोड' छेक्ने

काठमाडौं । वर्तमान सरकारले निकै महत्वाकाङ्क्षी र कर्णप्रिय सरकारी नीति तथा कार्यक्रम सोमबार सार्वजनिक गरेको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले सङ्घीय संसदको संयुक्त बैठकमा आर्थिक वर्ष २०७५/०७६ नीति तथा कार्यक्रम प्रस्तुत गर्दै आगामी १० वर्षभित्रै समृद्ध नेपाल निर्माण गर्ने उनले बताइन् ।

नीति तथा कार्यक्रम सर्सर्ती सुन्दा र हेर्दा वाम गठबन्धनको घोषणा-पत्र र प्रधानमन्त्री केपी शर्मा आलीले यसअघि भन्दै आएको आगामी दशवर्षभित्र नेपाललाई एक विकासशील राष्ट्रका रूपमा अघिबढाउने कुरालाई पनि यो नीति तथा कार्यक्रममा मूलरूपमा फोकस गरिएको देखिन्छ ।

**दशवर्षभित्रमा समृद्ध नेपाल सुखी नेपाली र सरकार**

आगामी दशवर्षमा आर्थिक वृद्धिदर दोब्बर बनाउने, पहिलो वर्षलाई समृद्धिको इतिहास रच्ने आधार वर्ष बनाउने, कृषिमा औद्योगीकरण गर्ने, उर्जा, उद्योग, यातायात, भौतिक पूर्वाधार, सूचना-प्रविधि तथा पर्यटन आदिलाई विकासका आधार र संवाहकका रूपमा व्याख्या गरिएको छ । गाँस, बास, कपास र शिक्षा, स्वास्थ्य जस्ता कुरालाई मध्यनजर गर्दै विकास, निर्माण र सेवाका कुराहरूमा जोड दिइएको छ ।

**प्राथमिकीकरण गरिएको छैन र प्रतिपक्षी**

संघीय संसदमा प्रतिपक्षमा रहेको नेपाली काङ्ग्रेसले सरकारको नीति तथा कार्यक्रम निकै महत्वाकाङक्षी तथा अव्यवहारिक रहेको बताएको छ । कार्यक्रमहरू निरन्नतरतामा आएको बताउँदै अहिलेको सरकारले प्रस्तुत गरेको महत्वाकाङ्क्षी लक्ष्य हाससिल गर्न नीत तथा कार्यक्रमलाई प्राथमिकीकरण नगरिएको आरोप लगाएको छ । यसरी सोलाडोलोमा 'यो पनि गर्छौं र उ पनि गर्छौं' भनेर आगामी वर्षहरूमा अपेक्षित उलब्धि हासिल गर्न नसकिने प्रतिपक्षीको दाबी रहेको छ ।

**नीति तथा कार्यक्रम अवस्तुवादी र पूर्वअर्थमन्त्री**

पूर्व अर्थमन्त्री बाबुराम भट्टराईलगायतका पूर्वअर्थमन्त्रीहरूले सरकारको नीति तथा कार्यक्रम अलि बढि हावादारी रहेको बताएका छन् । उनका अनुसार अर्थिक वृद्धिदर दशवर्षपछि हासिल हुने तर जनताका सबै समस्स्याहरू र सेवाहरू सुरुका वर्षहरूबाटै चट हुने भन्ने कुरा असंगतिपूर्ण छ ।

**'ग्राउण्ड' टेक्ने भन्दा पनि 'रोड' छेक्ने**

अर्थविदहरू सरकारको नीति तथा कार्यक्रमलाई 'ग्राउण्ड'मा टेक्ने भन्दा पनि 'रोड' छेक्ने प्रकृतिको रहेको बताएका छन् । पाँच वर्षभित्रै प्राप्त गर्ने गरी महत्वाकाङ्क्षी उद्देश्यहरू राखिएको तर ती उद्देश्यहरू प्राप्तिका लागि कार्यक्रमहरू छैनन् र भएका र राखिएकाहरूको प्राथमिकीकरण पनि गरिइएको छैन ।

# बर्दियामा क्रान्तिकारी माओवादीको जिल्ला सम्मेलनको तयारी तीव्र

बर्दिया । नेकपा (क्रान्तिकारी माओवादी) बर्दियाले जिल्ला सम्मेलन नजिकँदै गर्दा संगठन निर्माण तथा जनपरिचालन अभियानलाई तीब्रता दिएको छ । हालै बसेको जिल्ला समितिको विस्तारित बैठकले पार्टीको जिल्ला सम्मेलन यहि १९ गते गर्ने निर्णय गरेको हो । जिल्ला सम्मेलनको मिति नजिकिदै गर्दा बिहीबार गुलरिया नगरपालिकाको वडा नम्बर ११ र १२ को संयुक्त वडा अधिवेशन भब्य रूपमा सम्पन्न भएको छ ।

अधिवेशनबाट वडा नम्बर ११ मा सात सदस्यीय तथा वडा नम्बर १२ मा ११ सदस्यीय कमिटी निर्वाचित गरेको छ । वडा नम्बर ११ को सेक्रेटरीमा बल बहादुर घर्ती र १२ को सेक्रेटरीमा माँरूफ खाँ निर्वाचित भएका छन् ।

पार्टीको भैसाही गाउँ कमिटीका सेक्रेटरी राजकपुर थारूको सभापतित्वमा सम्पन्न वडा अधिवेशनमा पार्टीका केन्द्रीय सदस्य तथा बाँके बर्दिया ईन्चार्ज सङ्कुल, जिल्ला सेक्रेटरी लोकेश लगायतको विशेष आतिथ्यता रहेको थियो ।

यसैबीच, शनिबार गुलरिया नगरपालिकाको वडा नम्बर १४ को वडा अधिवेशनबाट ज्वालाको नेतृत्वमा ५ सदस्यीय कमिटी निर्वाचित गरेको छ । यसरी निर्वाचित हुनेमा बुद्धि, दिल, भागिराम, शुमित्रा लगायत रहेका छन् भने शनिबारै सम्पन्न भएको मधुवन-९ को वडा अधिवेशनबाट लक्ष्मीको नेतृत्वमा ७ सदस्यीय टिम निवाचित भएको छ । निर्वाचित सदस्यहरूमा शुरेस, रमेश, हरि, लिला, मिन, बलिदेवलगायत रहनु भएको छ ।

# पेट्रोलियम पदार्थको मूल्यवृद्धिका विरुद्ध सडकमा उत्रियो देजमो




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल काठमाडौं जिल्ला समितिको आयोजनामा बढ्दो महंगी र पेट्रोलियम पदार्थको मूल्यमा गरिएको वृद्धिको विरोधमा प्रदर्शन गरिएको छ । मंगलबार देजमोले महंगी र मूल्यवृद्धिका विरोधमा सडकमै उत्रिएर प्रदर्शन गरेको हो ।

प्राप्त जानकारी अनुसार मोर्चाको विरोध र्‍याली काठमाडौंको सुन्धरा, न्यूरोड, इन्द्रचोक हुँदै असनमा पुगेर विरोध सभामा परिणत भएको थियो । कोणसभालाई मोर्चाका केन्द्रीय सदस्य तथा ३ नं प्रदेश संयोजक गोर्की श्रेष्ठ, अनेमसंघ (क्रान्तिकारी) की केन्द्रीय सचिव शारदा महत लगायतले सम्बोधन गर्नुभएको थियो ।

मोर्चाका काठमाडौं उपाध्यक्ष ठोगप्रसाद अधिकारीले सञ्चालन गरेको उक्त कोणसभामा वक्ताहरूले ओली-मोदी गठबन्धन सरकारले जनताको ढाड सेक्ने गरी पेट्रोलियम पदार्थ र दैनिक उपभोग्यवस्तुमा गरेको मूल्यवृद्धि र अरुण तेस्रो लगायतका राष्ट्रघाती सन्धिसम्झौता गरेर ओली नेतृत्वको सरकारले राष्ट्रघाती र जनघाती चरित्र प्रदर्शन गरेको भन्दै पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिन र महंगी नियन्त्रण गर्न जोडदार माग गरेका थिए ।

# क्रान्तिकारी चालक दलले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने

काठमाडौं । नेपाल क्रान्तिकारी चालक दलको केन्द्रीय समितिको बैठक शनिबार सम्पन्न भएको छ । दलका संयोजक बसन्त बस्नेत'राजभाई'को अध्यक्षतामा बसेको बैठकले यातायात तथा हवाई क्षेत्रमा देशैभर रहेका समस्याहरूलाई समेटी यातायात मन्त्री, गृहमन्त्री र प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउने निर्णय गरेको छ ।

दलका सल्लाहकार तथा हवाई यातायात क्षेत्रका चालक दलका संयोजक पूर्वपाइलट डिके बुद्धिस्टको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त बैठकले ट्र्याक्सी, बस, माइक्रो, सुमो, ट्रक, स्क्याभेटर, हेलिकम्प्टर, हवाइजहाजलगायतका क्षेत्रमा कार्यरत चालक तथा सहचालकहरूले भोग्नु परेका समस्याहरूको वास्तविक समाधानका लागि पहल गर्न अन्य विभिन्न रचनात्मक कार्यहरू गर्दै जाने निर्णय पनि गरेको छ ।

बैठकले यातायातको क्षेत्रमा सरकारको गृहमन्त्रालयले सिन्डिकेट हटाउन गरेको प्रयासलाई सकारात्मक रूपमा लिंदै पछिल्ला दिनमा कम्पनीको नाममा नयाँ स्वरूपमा सिन्डिकेट लाद्ने खालका गतिविधिहरू बढेर गएकोप्रति गम्भीर रूपमा ध्यानाकर्षण भएको पनि जनाएको छ ।

बैठकमा चालक दलका बरिष्ठ सल्लाहकार सन्ध्या प्रधान, कानुनी सल्लाहकार शैलेन्द्र पाण्डे, सल्लाहकार जनक थापामगर 'मुनाल'लगायतको उपस्थिति रहेको थियो । बैठकमा दलका केन्द्रीय सहसंयोजक सुरेश घिमिरेले संगठनको आर्थिक हरहिसाब पेश गर्नुभएको थियो ।

बैठकका प्रमुख अतिथि बुद्धिस्टले नेपालको यातायात तथा हवाई क्षेत्रलाई अन्तर ाष्ट्रिय स्तरमा पहिचान कायम गराउने गरी रचनात्मक तथा सिर्जनात्मक कामहरूलाई प्राथमिकताका आधारमा अगाडि बढाउनु पर्ने विचार व्यक्त गर्नुभएको थियो भने बरिष्ठ सल्लाहकार प्रधानले चालक दलले गर्नुपर्ने कार्यहरू र पालना गर्नुपर्ने नियमहरूका बारेमा प्रशिक्षणात्मक मन्तव्य राख्नुभएको थियो । बैठकले लिएका निर्णयहरू कार्यान्वयनका लागि केन्द्रीय सदस्यहरूलाई निर्देशन दिँदै बैठकका अध्यक्ष तथा चालक दलका संयोजक राजभाईले बैठकको समापन गर्नुभएको थियो ।

## हाम्रा...

सशक्त रूपमा अघि बढिरहेको छ । हिजो हामीहरूले जसरी जनयुद्ध र आन्दोलनहरूमा रगत बगाएका थियौं, त्यो बलिदान र त्याग आज पनि टड्कारो आवश्यकताको रूपमा अघि आएको छ । कसैले चाहेरै क्रान्ति सिद्धिनेवाला छैन । कसैले बिर्सिएर सपना भुलिइने छैन । क्रान्तिको आदर्श र यसको भविष्यका लागि हामी साँस्कृतिक मोर्चाबाट एकताबद्ध भएर अगाडि बढौं ।

*(कृष्णसेन 'इच्छुक'को १६औं स्मृतिदिवसका सन्दर्भमा इच्छुक साँस्कृतिक प्रतिष्ठानमा दिइएको मन्तव्यको सम्पादित अंश)*

## १६औं...

भन्दै अबको संघर्षको महायात्रा छिट्टै सुरु हुने कुरा जानकारी गराउनु भयो ।

कार्यक्रमको सुरुआतमा प्रतिस्ठानका सदस्य प्रा. डा. गोपिन्द्र पौडेलले उपस्थित सबैलाई स्वागत मन्तव्यबाट स्वागत अभिवादन गर्दै इच्छुकको बहुमुखी प्रतिभाको उल्लेख गर्नुभयो । प्रतिस्ठानका सदस्य तथा कवि मित्रलाल पंगेनीले इच्छुकको 'सेतु जैशीको घर' शीर्षकको कविता वाचन गरेर सुनाउनुभयो ।

कार्यक्रममा शिला योगीको कृति सपनाको विमोचन पनि गरिएको थियो । कार्यक्रममा रामसिंह श्रीस, इच्छुककी जीवन संगिनी प्राध्यापक तक्मा केसी, छोरी समीक्षा, पुरस्कृत तथा सम्मानितहरू सबैको आतिथ्यता ग्रहण गरिएको थियो ।

स्मृति दिवसमा हरेक वर्ष झैं पुरस्कार वितरण तथा सम्मान कार्यक्रम पनि राखिएको थियो । श्री मोदनाथ मरहट्ठा र विनोद विक्रम केसीलाई संयुक्त रूपमा इच्छुक स्मृति पुरस्कार र शोभा दुलाललाई साहित्यतर्फ तथा फूलमाया दर्जी प्रगति 'हिङमाङ' लाई कलातर्फको पुरस्कार प्रदान गरिएको थियो । साथै अन्य सम्मानित हुने श्रष्टाहरूमा सुशीलसिंह ठकुरी, रमण थामी, मिना वाइवा, अनिश योन्जन, उषा जिम्बा, विहानी बिक, प्रगति हिङमाङ, निर्मला घिसिङ, अनिल योञ्जन र भरत लामा हुनुहुन्थ्यो ।




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।